## विशेष इजलास

**मा.न्या.श्री अनूपराज शर्मा, मा.न्या.श्री रणबहादुर बम. र मा.न्या.श्री अवधेशकुमार यादव,** रिट नं. २०६४-WS-००१६, उत्प्रेषण, *विद्यासागर साह समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

काम, कर्तव्य, अधिकार, पदीय हैसियत र सो पदीय दायित्व निर्वाह गर्न चाहिने ज्ञान, सीप र योग्यता नै स्पष्ट रुपमा भिन्न भिन्न रहेका विद्यालयका शिक्षक र कर्मचारीहरूलाई एउटै अवस्था र हैसियतमा रहेका समान वर्गको रुपमा हेर्न र व्यवहार गर्न नमिल्ने ।

आफैमा खण्डित र विरोधाभाषपूर्ण निवेदन दावीका आधारमा विधायिका निर्मित कुनै पनि कानूनलाई बदर गर्न नमिल्ने ।

संविधानको धारा १०७(१) ले प्रदान गरेको न्यायिक पुनरावलोकनको क्षेत्राधिकार विशिष्ठ प्रकृतिको अधिकार भएकाले शक्तिपृथकीकरण र सन्तुलन एवं नियन्त्रणको मूल्य र मान्यताबाट उत्सर्जित विषयको प्रयोग कसैको लहडबाजी वा शंका निवारणको माध्यम बन्न नसक्ने ।

संविधान प्रदत्त हकाधिकार उल्लँघन गरेको वा अनुचित तवरबाट बन्देज लगाइएको भनी स्पष्ट रुपले आधारसहित पुष्टि गर्न सकेको अवस्थामा मात्र कुनै पनि कानून संविधान विपरीत रहेको भनी लिइएको दावी विचारणीय हुन सक्ने ।

शिक्षक र कर्मचारीहरू समान अवस्था र हैसियतका नभई फरक फरक वर्गका भन्ने देखिएको, निवेदन दावी स्पष्ट नभई स्वयंमा खण्डित हुनुका साथै परस्पर विरोधाभाषपूर्ण दावी गरिएको, अस्पष्ट, हचुवा र परस्पर अन्तरविरोधी निवेदन लेख बमोजिम शिक्षा ऐन, २०२८ को दफा १६(ठ) को कानूनी व्यवस्था अमान्य र बदर गरी रहनु नपर्ने ।

इजलास अधिकृतः नारायण सुवेदी

कम्प्युटरः सीता गुरुङ

इति संवत् २०६६ साल असार ४ गते रोज ५ शुभम् ।

## पूर्ण इजलास

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री तपबहादुर मगर, मा.न्या. श्री रामकुमारप्रसाद शाह,** पुनरावलोकन निस्सा नं. ०६५-NF-००१८, उत्प्रेषण समेत, *शंखनारायण महर्जन समेत वि. अख्तियार दुरुपयोग अनुसन्धान आयोग समेत*

कुनै तथ्यगत प्रश्नमा सीमित नभै सर्वमान्य नियमका रुपमा व्यक्त गरिएको अदालतको निर्णयलाई साधारण अधिकारक्षेत्र र असाधारण अधिकारक्षेत्रअन्तर्गतको भनी विभाजन गर्नुको कुनै औचित्य नहुने ।

वादी दावीमा सीमित रहेर मात्र निर्णय गर्नुपर्ने भन्ने कुरा स्थापित एवं मान्य सिद्धान्त नै हो, त्यसलाई यस अदालतको पूर्ण इजलासले समेत पुनर्पुष्टि गरी न्यायिक सिद्धान्तका रुपमा स्थापित गरेको अवस्थामा साधारण अधिकारक्षेत्र अन्तर्गत बोलिएका कुराहरू असाधारण अधिकारक्षेत्रअन्तर्गतका विवादमा आकर्षित नहुने भन्न नसकिने ।

यस अदालतको संयुक्त इजलासले निवेदन दावी अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरेको हदसम्मको फैसलालाई अन्यथा गनु नपर्ने । तर त्यसरी आयोगको विवादित निर्णय बदर गरिसकेपछि मालपोतले रैकर परिणत गर्ने गरी गरेको निर्णय समेत बदर गरी पुनः निर्णय गर्नु भनी मालपोत कार्यालयका नाममा परमादेश जारी हुने ठहऱ्याएको हदसम्मको आदेश निवेदन दावी भन्दा बाहिर गई भएको देखिनुका साथै यस अदालतबाट प्रतिपादित सिद्धान्तहरूको समेत प्रतिकूल देखिने ।

इजलास अधिकृतः उमेश कोइराला

इति संवत् २०६६ साल भदौ ४ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१.

**सं.प्र.न्या.श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री बलराम के.सी.,** दे.पु.नं.०६३-CI-०८३४, बकस

पत्र दर्ता बदर, *कृष्णकुमारी मरासिनी समेत वि. सूर्यप्रसाद मरासिनी*

पछि प्रतिपादित सिद्धान्त वा पछि बनेको ऐनले पहिले भैसकेको कार्यलाई प्रभावित गर्न नसक्ने हुँदा तत्काल कायम रहेको कानूनी व्यवस्थाका आधारमा पारित गरिदिएको शेषपछिको बकसपत्र लिखतमा उल्लिखित जग्गा मध्ये आधा जग्गाको लिखत बदर हुने ।

इजलास अधिकृतः उमेश कोइराला

इति संवत् २०६६ साल असार २१ गते रोज १ शुभम् ।

२.

**सं.प्र.न्या.श्री मीनबहादुर रायमाझी र मा.न्या श्री सुशीला कार्की,** २०६३-wo-०८४४ उत्प्रेषण, *गोपालप्रसाद देव वि.जिल्ला विकास समितिको कार्यालय सप्तरी समेत*

एउटै निकायअन्तर्गतका विभिन्न कार्यक्रम र योजनाअनुरूपका कार्य सम्पन्न गर्न स्वीकृत दरवन्दीअनुरूपको एक कार्यक्रमको पदलाई अर्को कार्यक्रमको पदमा समायोजन गरी कार्य सञ्चालन गर्नुपर्ने अवस्था आउन सक्ने र त्यसरी एकै निकायका विभिन्न कार्यक्रमका साँगठनिक पदहरू कार्यसञ्चालनको दृष्टिले समायोजन हुनु अस्वाभाविक हुँदैन र त्यस्तो समायोजनलाई नयाँ नियुक्तिको संज्ञा दिन नमिल्ने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

कम्प्युटरः लक्ष्मीदेवी श्रेष्ठ

इति संवत् २०६६ साल असार १६ गते रोज ३ शुभम् ।

३.

**सं.प्र.न्या.श्री मीनबहादुर रायमाझी र मा.न्या श्री सुशीला कार्की,** २०५८ सालको दे.पु.नं.८००६, मोही प्रमाण पत्र, *रामजी चौधरी कलवार वि.लक्ष्मी साहू तेली समेत*

आफूले दावी गरेको जग्गा सम्बन्धमा थाहा जानकारी नै नरहेको अवस्था एकातर्फ वादीले प्रकट गरेको देखिन्छ भने अर्कातर्फ दावी जग्गामा मोही नै नरहेको भन्ने अड्डामा रहेका स्रेस्ता विवरणबाट देखिइरहेको वादीले पेश गरेको प्रमाण दावी पुष्टि हुने गरी विवरण क्षेत्रफलसमेत मिल्न भिड्न नआएको अवस्थामा जग्गाको मोही हुन् भन्ने तथ्य मिसिलबाट पुष्टि नभएको अवस्थामा अपुष्ट दावी कै भरमा बिना आधार मोही कायम गर्नु न्यायसँगत नहुने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

कम्प्युटरः लक्ष्मीदेवी श्रेष्ठ

इति संवत् २०६६ साल असार १९ गते रोज ६ शुभम् ।

४.

**मा.न्या.श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री बलराम के.सी.,** दे.पु.नं.०६३-CI-०६३५, घरजग्गा कब्जा खिचोला मेटाई चलन चलाई पाऊँ, *कल्लु कोहार वि. सीताराम कोहार*

विवादको जग्गामा आफ्नो हक भोग रहेको भनी दावी लिए तापनि त्यसको स्रोत, आधार एवं प्रमाण समेत वादीले पेश गर्न नसकेको र वादी दावीको जग्गाको क्षेत्रफलसँग नाप नक्सा भै आएको जग्गाको क्षेत्रफल मिल्न भिड्न आएको अवस्था हुँदा सो जग्गालाई वादीको हक भोगभित्रको जग्गा हो भनी सम्झन नमिल्ने ।

आफ्नो हक भोगको जग्गा हो भन्ने पुष्टि नगर्दासम्म कब्जा खिचोलातर्फ दावी लिन नमिल्ने ।

इजलास अधिकृतः उमेश कोइराला

इति संवत् २०६६ साल असार २१ गते रोज १ शुभम् ।

- यसै प्रकृतिको दे.पु.नं.०६३- CI -०६३८, मिलापत्र बदर, *कल्लु कोहार वि. सीताराम कोहार भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।*

५.

**मा.न्या.श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री कल्याण श्रेष्ठ,** २०६१ सालको फौ.पु.नं. ३८०९, २०६२ सालको फौ.पु.नं. ३६४०, चोरी, *नेपाल सरकार वि. गुलावी सहनी समेत एवं भागीरथ सहनी समेत वि. नेपाल सरकार*

किटानी जाहेरी, जाहेरवालाको अदालतसमक्ष भएको वकपत्र, प्रतिवादीद्वयको अनुसन्धान अधिकारीसमक्ष भएको वयान, सो वयानलाई पुष्टि गरी मौकामा बुझिएका चोरी अपराधका प्रत्यक्षदर्शीको अदालतसमक्ष भएको

वकपत्र एवं बरामद भएको चोरीको सामान र त्यसको सनाखत समेतबाट यी प्रतिवादीहरूले चोरीको १ नं. र ३ नं.को कसूर गरेको देखिँदा बरामद भएको रु.१७,१००।- को धनमाल चोरी गरेको देखिन आई ऐ.को.१४(१) नं. बमोजिम जनही १ महिना १५ दिन कैद र रु १७,१००।-को डेढी रु.२,५६०।- जरीवाना हुने ।

इजलास अधिकृतः कविप्रसाद न्यौपाने

इति संवत् २०६५ पुष २४ गते रोज ४ शुभम् ।

**इजलास नं. १**

१.

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री खिलराज रेग्मी,** २०६१ सालको दे.पु.नं.१००९३, लिखत बदर, *द्रोपती गिरी समेत वि. ब्रह्म पुरी*

वादीको आफ्नोसमेत हकभोग रहेको घरजग्गा प्रतिवादीहरू बीच लिनु-दिनु गरी लिखत पारित भएको अवस्था भए लेनदेन व्यवहारको १०नं. बमोजिमको हदम्यादभित्र नालिस गर्नुपर्नेमा सो अवस्था व्यतीत भएपछि प्रस्तुत विवादमा आकर्षित हुन नसक्ने जग्गा पजनीको १७ नं. तथा जग्गा मिच्नेको १८ नं. को गलत कानूनी आधार उल्लेख गरी दावी लिएको अवस्था देखिँदा प्रस्तुत फिरादको तथ्यभित्र प्रवेश गरी विवेचना गरिरहनु नपर्ने ।

इजलास अधिकृत : पुनाराम खनाल

कम्प्युटरः लक्ष्मीदेवी श्रेष्ठ

इति संवत् २०६६ साल जेठ ४ गते रोज २ शुभम् ।

यस्तै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुरूप निर्णय भएका छन् :

- २०६१ सालको दे.पु.नं. १००९१ जग्गा खिचोला चलन, *जयराम भारती वि. ब्रह्म पुरी समेत,*
- २०६१ सालको दे.पु.नं. १००९२, लिखत बदर, *जयराम भारती समेत वि. सुमन पुरी*

२.

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६५ सालको WO-००४४, उत्प्रेषणयुक्त परमादेश, *मुकेश ढुँगाना वि. पूर्वाञ्चल विश्वविद्यालय बिराटनगर समेत*

निवेदकले विपक्षी नै नबनाएकाको हकमा अदालतको आदेश वा निर्णयले निजलाई प्रतिकूल असर पर्ने गरी कुनै आदेश वा निर्णय गर्नु न्यायसँगत नहुने ।

कुनै आदेश वा निर्णय गरिँदाको अवस्थामा पनि निर्णयले असर पर्ने तेस्रो पक्षलाई पर्याप्त सुनुवाईको मौका दिनुपर्ने ।

इजलास अधिकृतः दीपक खरेल

इति संवत् २०६६ जेठ २० गते रोज ४ शुभम् ।

३.

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६४ सालको रिट नं. ०५८३, उत्प्रेषण समेत, *शक्तिनाथ भट्टराई समेत वि. नेपाल दूर सञ्चार कम्पनी लिमिटेड समेत*

कम्पनी ऐन, २०५३ बमोजिम दर्ता भै आफ्नो सम्पत्ति र दायित्वको आधारमा कम्पनीमा कार्यरत् कर्मचारीलाई निश्चित शेयर संख्या बाँडफाँड गर्ने निर्णयबमोजिम शेयर बाँडफाँड गरी प्रमाण पत्र समेत जारी गरी त्यस्तो जारी भैसकेको शेयरमा अन्य व्यक्तिको हक अधिकार समेत स्थापित भैसकेको कार्यले निवेदकहरूको कुनै संवैधानिक एवं कानूनी हकमा आघात पुगेको अवस्था विद्यमान नदेखिने ।

इजलास अधिकृतः पुनाराम खनाल

कम्प्युटरः सीता गुरुङ

इति संवत् २०६६ साल जेठ ३ गते रोज १ मा शुभम् ।

४

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६० सालको दे.पु.नं.९४८६, घर उठाई जग्गा चलन समेत, *धनवीर यादव वि. कृष्णदेव झा*

आफ्नो हक नपुग्ने प्रकृतिको जग्गामा पहिलेदेखि नै घर बनाई बसोवास गरिआएको तथ्यलाई स्वीकारै गरेको विद्यमान अवस्थामा सो जग्गामा बनाएको फूसको घर एवं पक्की घरसमेत उठाई जग्गा खाली गराई दिनुपर्ने ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुरूप निर्णय भएका छन् :

- २०६० सालको दे.पु.नं. ९४८३, घर उठाई जग्गा खाली गराई चलन, *जगनाथ यादव वि. कृष्णदेव झा*
- २०६० सालको दे.पु.नं. ९४८४, जग्गा खिचोला चलन, *जगनाथ यादव वि. कृष्णदेव झा*
- २०६० सालको दे.पु.नं. ९४८५, जग्गा खिचोला चलन, *धनवीर यादव वि. कृष्णदेव झा*

इजलास अधिकृतः पुनाराम खनाल
कम्प्युटर : लक्ष्मीदेवी श्रेष्ठ
इति संवत् २०६६ साल जेठ १७ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६० सालको रिट नं.३००५, उत्प्रेषण, *मीनबहादुर धामी वि. शिक्षा तथा खेलकूद मन्त्रालय समेत*

वस्तुगत प्रश्नको प्राप्ताङ्कको अङ्क अक्षरमा पहिला ६ (अक्षरमा छ) भएको र कूल प्राप्ताङ्कमा अङ्क ३३ भएकोमा अङ्क ६ र अक्षर ६ लाई सच्याई ८ (आठ) बनाई कूल प्राप्ताङ्कको ३३ लाई ३५ बनाई सच्याएको अवस्थामा लिखित परीक्षामा अनियमित ढंगबाट सफल गराइएको प्रमाणका आधारमा भइसकेको सिफारिश बदर गर्न सक्ने कानूनी व्यवस्थाबाट निवेदकको सिफारिश बदर भएको देखिँदा मागबमोजिमको आदेश जारी गर्नु नपर्ने ।

इजलास अधिकृतः कविप्रसाद न्यौपाने
इति संवत् २०६६ असार ३० गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६३ सालको रिट नं. WO-०१३९, उत्प्रेषणयुक्त परमादेश, *राम छविला शाह वि. गृह मन्त्रालय, प्रहरी किताबखाना समेत*

प्रहरी नियमावली, २०४९ को नियम ८९(२) को प्रतिवन्धात्मक वाक्यांशको खण्ड (क) को व्यवस्थाअनुसार कारवाही गर्न खोजी गर्दा फेला पनि नपर्ने र कार्यालयमा हाजिर हुन पनि नआउने कर्मचारीलाई सुनुवाईको मौका कानूनले नै बाहेक गरेको अवस्था देखिने ।

इजलास अधिकृतः दीपक खरेल
इति संवत् २०६६ जेठ १८ गते रोज २ शुभम् ।

- यसै प्रकृतिको २०६३ सालको रिट नं. WO–०१०६, उत्प्रेषणयुक्त परमादेश, *मुक्तिनाथ झा वि. प्रहरी प्रधान कार्यालय समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

७.

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या. श्री अवधेशकुमार यादव,** २०६२ सालको फौ.पु.नं. ३५२५, जालसाजी, *मुगियमवती साह वि. भोलाई चौधरी समेत*

जालसाजी कसूर अपराध हुनका लागि अर्काको हक मेट्ने, हदम्याद जाने लगायत जुनसुकै व्यहोराले भए पनि नोक्सान गर्ने मतलवले नभए नगरेको झूठा कागज बनाए वा बनाउन लगाउने कार्य गरेको देखिनु पर्ने ।

झूठा धरौटी रसिद पेश गर्ने कार्यबाट वादीको हक मेटिने, हदम्याद तारेख जाने वा कुनै नोक्सान पार्ने कार्य भए गरेको भन्न नसकेकाले अभियोगको कसूरबाट सफाई पाउने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल
इति संवत् २०६६ साल असार २२ गते रोज २ शुभम् ।

८.

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या. श्री भरतराज उप्रेती,** २०६३ सालको फौ.पु.नं. ०२८०, चोरी, *मनोज जैसवाल, वि. श्री ५ को सरकार*

बरामदी डिजल, किटानी जाहेरी व्यहोरा र बरामदी मुचुल्का समेतबाट प्रतिवादी मनोज जैसवालबाटै बरामद भएको भन्ने तथ्यमा विवाद नदेखिएको र उक्त तथ्यलाई प्रतिवादी स्वयंले नै इन्कार गर्न नसकेको समेतका आधार प्रमाणबाट विगोबमोजिम रु.२४८०।- जरीवाना र कैद महिना एक सजाय हुने ।

इजलास अधिकृतः दीपक खरेल
इति संवत् २०६६ जेठ २१ गते रोज ५ शुभम् ।

९.

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या. श्री भरतराज उप्रेती,** २०६५ सालको वि.पु.नं. ०७१५, अपहेलना, *गोपीकृष्ण पोखरेल वि. भगीरथ पोखरेल समेत*

मुद्दाका कुनै पक्ष विपक्षले आफ्नो ईच्छामा तारेख छोड्न र बस्ने कुरा नितान्त व्यक्तिगत र आफ्नो स्वेच्छाको कुरा भएको हुँदा अदालतले पक्ष विपक्षलाई किन तारेख छोडेको र बसेको भनी प्रश्न गरी हस्तक्षेप गर्ने अवस्था रहन नआउने ।

पक्ष विपक्षहरू एकै परिवारको भएको तथा घरायसी व्यवहारमा पक्ष विपक्षहरूको बीचमा विवादको स्थिति उत्पन्न हुन गएमा कानूनी उपचारको लागि अदालत प्रवेश गरेपछि मात्र अदालतले आफ्नो क्षेत्राधिकार ग्रहण गर्दछ र न्यायिक उपचार प्रदान गर्दछ । कसैको व्यक्तिगत विवाद र व्यवहारको सन्दर्भमा अदालतले स्वयं सरोकार राखी विवादको निरोपण गर्न नसक्ने ।

इजलास अधिकृत: दीपक खरेल

इति संवत् २०६६ जेठ २१ गते रोज ५ शुभम् ।

१०.

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या. श्री भरतराज उप्रेती,** २०६४ सालको वि.पु.नं.०२२, अवहेलना, *हरिप्रसाद आचार्य वि.गमला कार्की*

तथ्ययुक्त प्रमाणको अभावमा अदालतको अपहेलना नहुने भनी पुनरावेदन अदालतले अवहेलनामा सजाय गर्नु नपर्ने गरी तामेलीमा राखी दिएको निर्णयलाई पुनरावेदकले अवहेलना गरेको नै हो भनी प्रमाणीत गर्ने कुनै वस्तुनिष्ठ आधार पेश गर्न नसकेको अवस्थामा पुनरावेदकको भनाई वा लेखाईलाई एक मात्र आधार मानी अवहेलनामा सजाय ठहर गर्नु न्यायोचित नहुने ।

इजलास अधिकृत: दीपक खरेल

इति संवत् २०६६ जेठ २१ गते रोज ५ शुभम् ।

११.

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या. श्री भरतराज उप्रेती,** २०६३ सालको फौ.पु.नं. ०११४,सवारी ज्यान, *नेपाल सरकार, वि. ज्ञानबहादुर घर्तीमगर*

प्रतिवादी चालक स्वयंको दुर्घटनाबाट घाईते वा मृत्यु हुनसक्ने पर्याप्त वा प्रचूर सम्भावना रहेकाले जानी-जानी लापरवाही गरेको भन्न नसकिने भै सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) बमोमिमको कसूर हुने ।

इजलास अधिकृत: दीपक खरेल

इति संवत् २०६६ जेठ २१ गते रोज ५ शुभम् ।

१२.

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या. श्री भरतराज उप्रेती,** २०६४ सालको स.फौ.पु.नं.०७२०, साधारण चोरी, *नेपाल सरकार वि. गोविन्द तामाङ*

प्रतिवादी अध्ययनरत् रहेको विद्यालयले प्रमाणित गरिदिएको उमेरका आधारमा निज नावालक अवस्थाको रहेको देखिएको र उमेर परीक्षण गर्ने चिकित्सकसमेतले निजको उमेर १६ वर्ष पुगेको भनी यकीन साथ रिपोर्ट नदिएको र अदालतमा वकपत्र गर्दा उमेर १६ वर्ष नाघेको देखिँदैन भनी वकपत्र गरेकोबाट प्रतिवादीको उमेर १६ वर्ष पूरा भइसकेको सावालक भनी लिएको अभियोग दावी वादीले शंकारहित तवरबाट पुष्टि गराउन सकेको अवस्था देखिन नआउने ।

स्वयं विशेषज्ञले गरेको वकपत्रबाट उमेरमा विवाद सिर्जना भएकोले अनुमानका आधारमा दिएको राय रिपोर्टलाई अकाट्य प्रमाणमा ग्रहण गर्न नमिल्ने ।

इजलास अधिकृत: दीपक खरेल

इति संवत् २०६६ जेठ २१ गते रोज ५ शुभम् ।

१३

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या. श्री भरतराज उप्रेती,** २०६५ सालको फौ.पु.नं. ००७३, सवारी ज्यान, *नेपाल सरकार वि. शंकर महर्जन*

प्रतिवादी चालकले लापरवाही गरी जानी-जानी मिनीबसले मृतकलाई ठक्कर दिएको भन्ने अभियोग दावी पुष्टि हुने सबुद प्रमाण वादी पक्षबाट प्रस्तुत गरिएको प्रमाणको स्पष्ट अभाव देखिएको अवस्थामा प्रतिवादीलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिम सजाय गरिपाऊँ भन्ने पुनरावेदन जिकीरसँग सहमत हुन नसकिने ।

प्रतिवादी शंकर महर्जनलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) अनुसार २५।-दिन कैद र रु २०००।-जरीवाना हुने ।
इजलास अधिकृतः दीपक खरेल
इति संवत् २०६६ जेठ २१ गते रोज ५ शुभम् ।

## इजलास नं.२

१.

**मा.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,**२०६४ सालको दे.पु.नं.०६९४, जग्गा खिचोला चलन, *डिल्लीराम अधिकारी समेत वि. रेणुका श्रेष्ठ*

अदालतबाट भै आएको नक्सा र नापीको नक्सा भिडाई हेर्दा विवादित जग्गा बादीको जग्गामा घुसेको देखिएको स्थितिमा घरतर्फ वादीले कुनै दावी नगरेको अवस्थामा जग्गामध्येबाट घरले चर्चेको बाहेक गरी बादी दावीअनुसार ०-०-४ जग्गासम्म प्रतिवादीहरूले खिचोला गरेको देखिने ।
इजलास अधिकृतः हरि कोइराला
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६६ साल साउन १८ गते रोज १ शुभम् ।

२.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री गिरीशचन्द्र लाल**, २०६५ सालको फौ.पु.नं. ०२८२, डाँका, *नेपाल सरकार वि. उमेश थान्दार चौधरी समेत*

मुलुकी ऐन चोरीको ५ नं. ले बाटो घाटो वा जंगलमा ढुकी जवर्जस्ती चोरी गरेमा रहजनी चोरी हुने र प्रतिवादीहरूले समेत उल्लिखित रीतबाट जाहेरवाला समेतबाट धनमाल चोरी गरेको अवस्था भएबाट प्रस्तुत वारदात मुलुकी ऐन चोरीको ६ नं. को परिभाषाभित्र नपर्ने ।

मुलुकी ऐन चोरीको ६ नं. ले डाँकाको परिभाषाभित्र पर्नलाई ४ जनाभन्दा बढी मानिस भै तोकिएअनुसारको कसूर गरेमा मात्र डाँकाको कसूर कायम हुने हुँदा डाँकाको कसूर कायम हुन सक्ने अवस्था नभएबाट प्रतिवादीहरूले रहजनी चोरी गरेको ठहर्ने ।
इजलास अधिकृतः स्वीकृति पराजुली
कम्प्युटरः मुकुन्द विष्ट
इति संवत् २०६६ साल असार ३१ गते रोज ४ शुभम्

३.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६५ सालको दे.पु.नं. ००४६, विक्री वितरणबाट प्राप्त जग्गा बदर गरिपाऊँ, *किशोरकुमार थारु वि. श्री शारदा उच्च माध्यमिक विद्यालय मैनापोखर वर्दिया समेत*

भूमिसम्बन्धी नियमहरू, २०२१ को नियम २३(१)(घ) ले हदबन्दीमा जफत भएको जग्गा शिक्षण संस्था वा अन्य सार्वजनिक संस्थाले विक्री वितरणमा लिन चाहेमा त्यस्तो संस्थालाई नदिई आफ्नो नाउँमा जग्गा जमिन हुने व्यक्तिलाई विक्री वितरणमा दिने गरी भूमिसुधार कार्यालयको निर्णय कानून एवं न्यायको रोहमा समेत मिलेको नदेखिने ।
फैसला तयार गर्नेः शा.अ. हरि कोइराला
कम्प्युटरः मुकुन्द विष्ट
इति संवत् २०६६ साल साउन २३ गते रोज ६ शुभम्

४.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६५ सालको दे.पु.नं.०५४१, *श्रीमती हीरादेवी चित्रकार वि. सिद्धिभक्त सैजु समेत*

फिरादपत्र साथ पेश गरेको मिसिल संलग्न जग्गा कमाउन लिँदा मोही र जग्गावालाको बीचमा तोकिएबमोजिमको लिखत कबुलियन गर्नुपर्दछ र त्यसको दोहोरो दुवै पक्षले लिई दिई राख्नुपर्छ । दुवैको सहिछाप भएको कबुलियतको अर्को एकप्रति प्रतिलिपि जग्गावालाले गा.वि.स. वा न.पा मा दाखिल गर्नुपर्ने व्यवस्था भएकोमा सो नभै विवादित जग्गाको विषयमा कुनै व्यहोरा उल्लेख भएको नदेखिँदा मोही कायम गर्न नमिल्ने ।
इजलास अधिकृतः हरि कोइराला
कम्प्युटरः मुकुन्द विष्ट
इति संवत् २०६६ साल साउन २३ गते रोज ६ शुभम्

**इजलास नं. ३**

१.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६४ सालको रिट नं. ११७१, उत्प्रेषण, *जुठे गिरी वि. सडक विभाग समेत*

२०२४ सालमा नेपाल सरकारले सडक निर्माणका लागि अधिग्रहण गरी कानूनद्वारा नै अधिग्रहणमा परेका जग्गामा जग्गाधनीको हक समाप्त पारेको जग्गाको विषयमा ४० वर्षपछि अर्थात २०६४ सालमा मुआब्जा सम्बन्धमा निवेदन पर्न आएको देखिँदा अनुचित बिलम्ब गरी निवेदन पर्न आएको साथै निवेदकको अधिग्रहणमा परेको भनेको जग्गाको यकीन गरी पत्ता लगाई दिने विषय रिट क्षेत्रबाट नहुने ।

इजलास अधिकृतः माधवप्रसाद अधिकारी

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६६ साल असार १८ गते रोज ५ शुभम्

**इजलास नं. ४**

१.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६२ सालको रि.नं. ३०१९, उत्प्रेषण, *प्रेमदत्त भट्ट वि. लोकसेवा आयोग केन्द्रीय कार्यालय समेत*

निजामती सेवा ऐनको दफा २४(क) ले दिएको जेष्ठताबापत प्रत्येक वर्ष २ अङ्क, ऐ. २४ग ले भौगोलिक क्षेत्रबापतमा विभिन्न क्षेत्रानुसारको अङ्कको व्यवस्था गरेको पाइन्छ । प्रत्यर्थी राजेश घिमिरेले सरकारी मनोनयनमा अध्ययन गरेको नभई आफ्नो प्रयासमा अध्ययन गरेको देखिन्छ । निजले अध्ययन गरेको क्षेत्र ललितपुर र निजको पदस्थापन भएको क्षेत्र सुनसरी एउटै भौगोलिक क्षेत्र रहेको पनि देखिँदैन । फरक-फरक भौगोलिक क्षेत्रमा पदस्थापन तथा अध्ययन गरेको मिल्न सक्ने अवस्था नहुँदा निज राजेश घिमिरेको हकमा बढुवा बदर हुने ।

इजलास अधिकृतः राजेन्द्रकुमार आचार्य

इति संवत् २०६६ साल असार १७ गते रोज ४ शुभम् ।

२.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६१ सालको स.अ.फौ.पु.नं. ३६९९, लागू औषध (गाँजा) *नेपाल सरकार वि. विनादेवी साह*

स्वतन्त्र र तथ्ययुक्त तरिकाले आरोपित कसूरको पुष्टि हुन नसकेको अवस्थामा प्रतिवादीलाई सजाय गर्नु कानून र न्यायका मान्य सिद्धान्तको आधारमा न्यायसंगत नहुने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटर : निर्मला भट्ट

इति संवत् २०६५ साल फागुन ६ गते रोज २ शुभम्

३

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६५ सालको साधक नं. ०१९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. हेमबहादुर सुवेदी समेत,*

किटानी जाहेरी, त्यसलाई पुष्टि गर्ने जाहेरवालाको अदालतको वयान प्रतिवादी हेमबहादुर सुवेदीको मौकाको साविती वयान, जिल्ला स्वास्थ्य कार्यालयले (Cause of Death ) -Due to pressure over Neck भनी लेखेको उल्लिखित पत्र मौकामा कागज गर्नेको कागज, लास सद्गत गर्न घाटतर्फ लादै गर्दा जाहेरवालाले भेटी लाश हेर्दा घाँटीमा निलडाम रहेको र कानबाट रगत आएको देखी सो लाश पोष्टमार्टम गर्न लगिएको तथ्य समेतबाट यी प्रतिवादी कसूरदार नै भएको पुष्टि हुन आउने ।

इजलास अधिकृतः कृपासुर कार्की

इति संवत् २०६५ साल माघ १० गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६२ सालको दे.पु.नं. ७९३२, घरबासको लागि जग्गा झिकी पाऊँ, *सोफिला पाल वि. योगेन्द्र शम्सेर ज.व.रा.*

अघि भएको कानूनी व्यवस्था अनुसारको हक वा सुविधालाई पछि संशोधित कानूनले खारेज गरेको र अघि भएको कानूनी व्यवस्था अनुसारको

हक सुविधा प्राप्त गर्ने व्यक्तिले नै पछिबाट संशोधित कानूनी व्यवस्था अनुशरण गर्न तयार भएको कुरा लिखित रुपमा स्वीकार गरेको अवस्थामा निजले अघि प्रारम्भ गरेको कारवाही प्रक्रियालाई त्याग गरेको मान्नुपर्ने ।

इजलास अधिकृतः नारायणप्रसाद रेग्मी

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६६ साल असार १६ गते रोज ३ शुभम्

५

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६३ सालको रिट नं.२०६३-WO-०४८०, उत्प्रेषण परमादेश, *नवराज पन्थी समेत वि. लोकसेवा आयोग केन्द्रीय कार्यालयसमेत*

नेपाल प्रशासन सेवाको राजश्व समूहको रा.प.तृतीय श्रेणीको पदका लागि दरखास्त पेश गरी लिखित परीक्षामा सामेल भै उत्तीर्ण गरी आयोगबाट लिइने अन्तिम चरणका मनोवैज्ञानिक परीक्षण, सामूहिक छलफल तथा अन्तर्वार्तामा समेत सामेल भैसकेको अवस्थामा सिफारिश गर्न नमिल्ने भनी विपक्षी लोकसेवा आयोगबाट भएको निर्णय कानूनी व्यवस्था विपरीत हुने ।

इजलास अधकृितः नारायणप्रसाद रेग्मी

कम्प्युटरः नारायणप्रसाद आचार्य

इति संवत् २०६६ साल भदौ ९ गते रोज ३ शुभम्

- यसै लगाउको २०६३ सालको रिट नं. २०६३-WO-०५९०, परमादेश, *राजेन्द्रप्रसाद पौडेल समेत वि. लोकसेवा आयोग केन्द्रीय कार्यालय समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

६

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६० सालको रिट नं. २७६६, उत्प्रेषणयुक्त परमादेश,*तेजमान कन्दङवा वि. शिक्षा तथा खेलकूद मन्त्रालय समेत*

अर्धन्यायिक निर्णय गर्दा न्यायिक प्रक्रिया अपनाएर वस्तुनिष्ट आधारमा गर्नुपर्ने र त्यस्तो निर्णयबाट प्रतिकूल असर पर्ने व्यक्तिलाई आफ्नो कुरा भन्ने पुरा मौका दिनुपर्छ र निर्णयमा त्यसको कारण र आधार पनि स्पष्ट रुपमा उल्लेख गरिएको हुनुपर्ने ।

इजलास अधिकृतः महेन्द्रप्रसाद पोखरेल

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६६ साल असार ९ गते रोज ३ शुभम्

७

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या. श्री गिरीशचन्द्र लाल,** २०६४ सालको रिट नं. ६४-WO-०४७०, उत्प्रेषण समेत,*रामप्रसाद राय अमात वि. भूमिसुधार कार्यालय, सप्तरी समेत*

बेरीतको म्याद तामेलीको आधारमा जग्गा बाँडफाँड गर्ने गरी निर्णय गरेको देखिँदा त्यस्तो निर्णय न्यायिक मन (Judicial Mind ) लगाई प्रमाण बुझी गरेको भन्न सकिने अवस्था नरहने ।

कानूनले नै एक पक्षको निवेदन पर्दा अर्को पक्षलाई झिकाई आवश्यक प्रमाण बुझी नरमकरम मिलाई आधा-आधा जग्गा बाँडफाँड गरिदिनु पर्ने गरी गरेको व्यवस्थालाई पालना नगरी एक पक्षीय ढंगले निर्णय गर्ने अधिकार निर्णयाधिकारीलाई प्राप्त हुन नसक्ने ।

इजलास अधिकृतः नारायणप्रसाद रेग्मी

कम्प्युटर : निर्मला भट्ट

इति संवत् २०६६ साल असार १८ गते रोज ५ शुभम् ।

८

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६४ सालको रिट नं. २०६३-WO-११४३, प्रतिषेध परमादेश, *अष्टमाया महर्जन वि. भूमिसुधार कार्यालय, काठमाडौं समेत*

तल्लो अदालत, निकाय वा अधिकारीले आफ्नो अधिकार क्षेत्र ( Jurisdication ) भन्दा बाहिर गै काम गर्न लागेमा त्यस कामलाई रोक लगाउन प्रयोग गरिने प्रतिषेधको अदेश तल्लो निकायको अधिकारक्षेत्र नै समाप्त हुने गरी प्रयोग गर्न नमिल्ने ।

प्रमाण बुझी निर्णय गर्नुपर्ने विषयमा कारवाही प्रक्रिया नै अवरुद्ध हुने गरी माथिल्लो अदालतले हस्तक्षेप गर्नु पनि न्यायोचित नहुने ।

इजलास अधकृितः नारायणप्रसाद रेग्मी

इति संवत् २०६६ साल असार १८ गते रोज ५ शुभम्

९

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६४ सालको रिट नं. २०६३-WO-०७९०, उत्प्रेषण समेत, *कृष्णभक्त गोसाई वि. भूमिसुधार कार्यालय, भक्तपुर समेत*

कानूनले नै स्पष्ट रुपमा बराबर हिसावले बाँडफाँड गर्नुपर्ने भनी निर्णयाधिकारीलाई निर्देश गरेको अवस्थामा समन्याय, सद्विवेक जस्ता कुरालाई आधार बनाई निर्णय गर्न सक्ने अवस्था नहुने ।

उत्प्रेषणको आदेश माथिल्लो अदालतले तल्लो अदालत वा निकाय वा निर्णय गर्ने अधिकारीले गरेको त्रुटि सच्याउनका लागि जारी गरिने रिट हो तल्लो निकाय वा अधिकारीले कानूनको प्रयोग र पालना गर्दा आफूलाई प्राप्त अधिकारभन्दा बाहिर गै निर्णय गरेको छ भने त्यस्तो गैरकानूनी निर्णय बदर गर्नका लागि नै उत्प्रेषणको रिट र कानूनबमोजिम गर्नुपर्ने काम गर्न निर्देशन दिनका लागि परमादेशको रिट जारी हुने ।

इजलास अधकृतः नारायणप्रसाद रेग्मी
कम्प्युटरः नारायणप्रसाद आचार्य
इति संवत् २०६६ साल असार १८ गते रोज ५ शुभम्

१०

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या. श्री सुशीला कार्की,** २०६५ सालको साधक नं. Rc-००८०, कर्तव्य ज्यान, *नेपाल सरकार समेत वि.पदमबहादुर गुरुङ*

मुद्दा हेर्ने अधिकारीले अभियोग र हुनसक्ने सजाय समेत सम्झाई अभियोग सुनाई प्रतिवादीले अभियोगअनुसार अपराध गरेको हो होइन भनी सोध्दा आफू कसूरदार भएको कुरा स्वीकार गरी सावित भई वयान गरेको अवस्थामा प्रतिवादी सावित भयो भन्दैमा कसूरदार रहेछ भनी निष्कर्षमा पुग्नु अगाडि प्रतिवादीको उमेर शारीरिक र मानसिक अवस्था र पारिवारिक अवस्था समेत हेर्नु पर्ने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६५ साल फागुन ९ गते रोज ६ शुभम्

११

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या.श्री सुशीला कार्की,** २०६५ सालको साधक नं. Rc-०२८, कर्तव्य ज्यान, *ओमप्रकाश चौधरीको जाहेरीले नेपाल सरकार वि. धीरेन्द्र बोटे माझी*

शव परिक्षण प्रतिवेदनबाट मृत्युको कारण खुल्न नसके पनि सोही प्रतिवेदनको Special Examination मा Movement of neek treme and dislocation and c1 c1 vertebra noted भनी उल्लेख भएको देखिन्छ । यसरी हेर्दा प्रतिवादी धीरेन्द्र बोटेले अधिकार प्राप्त अधिकारी समक्ष ततिम्बा बयानमा मुतकको घाँटी थिची मारेको भनी लेखिएको कुराको सन्दर्भलाई समर्थन भएको देखिने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम
कम्प्युटर : निर्मला भट्ट
इति संवत् २०६५ साल फागुन ९ गते रोज ६ शुभम्

१२

**मा.न्या.श्री बलराम के.सी., मा.न्या.श्री सुशीला कार्की,** २०६४ सालको साधक नं. RC००२७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. राजकुमार लामा,*

घटनास्थल मुचुल्का, मौकामा कागज गर्ने मानिस, शव परीक्षण प्रतिवेदन, प्रतिवादीको अधिकार प्राप्त अधिकारीसमक्षको बयान तथा निज प्रतिवादीले अदालतमा लेखाएको बयान समेत एकापसमा मिली समर्थित भै रहेको देखिँदा निज प्रतिवादी राजकुमार लामाले अदालतसमक्ष स्वतन्त्र रुपमा दिएको साविततीलाई अरु कसैलाई अपराधबाट जोगाउन वा आफ्नो होस ठेगान नभएको अवस्थामा दिएको साविती हो कि भनी शंका गर्ने ठाउँ नदेखिने ।

मुख्य मानिसको सर्वश्व गर्दा र जन्म कैद गर्दा परिवारको अन्य सदस्यमा पर्न सक्ने आर्थिक र सामाजिक असरको कारण तथा प्रतिवादीले अदालतमा नै सावित भै न्याय निरोपणमा मद्दत पुग्ने गरी कसूर स्वीकार गरेको कारणसमेतलाई ध्यानमा राख्दा अ.वं. १८८ नं. लगाई सजाय घटाउने चाहिँ Exception र बढाउने चाहिँ Rule नै भएपनि अ.वं. १८८ नं. सम्बन्धमा शुरु अदालत तथा पुनरावेदन

अदालतले गरेको १० (दश) वर्ष मात्र कैद सजाय हुने ।
इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम
कम्प्युटरः सुदीप पंज्ञानी
इति संवत् २०६५ साल फागुन ९ गते रोज ६ शुभम्

१३

**मा.न्या.श्री बलराम के.सी.र मा.न्या.श्री सुशीला कार्की,** २०५९ सालको फौ.पु.नं. ३१०१, सरकारी छाप कीर्ते, *नेपाल सरकार वि. तारानिधि तिमिल्सिना समेत*

दर्ता नभएको ऐलानी जग्गा वन क्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोगले निर्णय नै नगरेकोमा पनि कीर्ते गरी मालपोत कार्यालयको स्रेस्तामा उल्लेख गरेको र अर्का प्रतिवादी नारायणसुन्दर श्रेष्ठ आफूले गरेको कसूरमा साविती भएबाट प्रतिवादी नारायणसुन्दर श्रेष्ठसमेतको मिलेमतोबाट प्रतिवादी तारानिधि तिमिल्सिनाले आफूलाई फाइदा पुग्ने गरी सरकारी ऐलानी जग्गाको सम्बन्धमा व्यहोरा फरक पारी कीर्ते गरी स्रेस्तापूर्जा बनाई त्यसको नक्कलसमेत लिई उक्त जग्गाहरू बिक्री वितरणसमेत गरेको देखिँदा अभियोग दावीबमोजिम प्रतिवादीहरूले कीर्ते गरेको देखिने ।
इजलास अधिकृतः कृपासुर कार्की
इति संवत् २०६६ साल बैशाख २९ गते रोज ३ शुभम् ।

१४

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री सुशीला कार्की,** २०६४ सालको साधक नं. RC ००७४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. प्रदीप राई*

मृतकको मृत्यु खुकुरी जस्तो धारिलो हतियारले पटक-पटक छप्काएको कारण रक्तश्राव भई मर्नु, खुकीको खोल दाप घटनास्थलमा नै पाइनु, उक्त दाप प्रतिवादीको हो भन्ने कुरा प्रमाणित हुनु, मृतकसँग प्रतिवादीको रिसइवी हुनु यी सबै Circumstantial Evidence का Chain हुन् । तसर्थ यी प्रतिवादीउपर ती Circumstantial Evidence बाट आरोपित अभियोग प्रमाणित भएको अवस्थामा यी प्रतिवादीको अधिकार प्राप्त अधिकारीसमक्षको साविती बयानलाई उक्त Circumstantial Evidence ले समर्थन गरेको देखिँदा अन्यथा भन्न नमिल्ने ।
इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम
कम्प्युटरः सुदीप पंज्ञानी
इति संवत् २०६५ साल फागुन ९ गते रोज ६ शुभम्

१५

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६१ सालको दे.पु.नं. ९२१६, निषेधाज्ञायुक्त परमादेश, *नारायण ज्ञवाली वि. कमलकिशोर राठी*

नालेश गर्ने हकदैया नभएको र निवेदकको हक अधिकारमा अतिक्रमण भएको अवस्था नदेखिई एक पटक निवेदन खारेज हुने ठहरी आदेश भैसकेको परिप्रेक्ष्यमा उही विवादमा पुनः अर्को आदेश हुनु सान्दर्भिक नहुने ।
इजलास अधिकृतः कृपासुर कार्की
इति संवत् २०६६ साल बैशाख १० गते रोज ५ शुभम् ।

- यसै प्रकृतिको २०६१ सालको दे.पु.नं. ९२१७, निषेधाज्ञायुक्त परमादेश, *नारायण ज्ञावली वि. शम्भुप्रसाद कावरा* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

१६

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या. श्री भरतराज उप्रेती,** २०५९ सालको फौ.पु.नं. ३१९५, जवर्जस्ती करणी, *अब्दुल कलाम मुसलमान वि. नेपाल सरकार*

बालबालिकासम्बन्धी ऐन, २०४८ ले वालवालिकाले गरेको जवर्जस्ती करणीमा जवर्जस्ती करणीको १० नं. लागू नहुने भनी छुट सेमत नदिएको हुँदा जवर्जस्ती करणीको अपराध गरेको ठहरिएपछि जवर्जस्ती करणीको १० नं. स्वतः आकर्षित हुने ।

राज्यले सजाय स्वरुप थुन्न पाउने आफ्नो अधिकार र जरीवाना असूल गर्न पाउने आफ्नो अधिकार मात्र Waive गर्न सक्छ, तर कानून तोड्न एक व्यक्तिबाट पीडित अर्को पक्षले क्षतिपूर्तिवापत पाउने रकम नपाउने भन्न नसकिने ।
इजलास अधिकृतः युवराज गौतम
इति संवत् २०६५ साल फागुन १३ गते रोज ३ शुभम्

१७

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०५९ सालको फौ.पु.नं.३२६०, कीर्ते जालसाजी, *नेपाल सरकार वि. फिरोजद्धिन मुसलमान समेत,* २०६४ सालको फौ.पु.नं. ३१४, *अब्दुल कलाम मुसलमान वि. नेपाल सरकार*

प्रतिवादीहरूले जन्म दर्ता प्रमाणपत्र सच्याएको भन्ने कुराको ठोस सबुद प्रमाण वादी पक्षले पेश गर्न नसकेको अवस्थामा प्रतिवादीहरू उपरको आरोपित कसूर शंकारहित तवरबाट यकीन रुपले पुष्टि नभएको अवस्थामा आरोपित कसूरबाट सफाइ पाउने ।

इजलास अधिकृतः युवराज गौतम

इति संवत् २०६५ साल फागुन १३ गते रोज ३ शुभम्

१८

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको दे.पु.नं.०१०८, लेनदेन, *टेकबहादुर जि.सी.वि. गोपीलाल दमाई*

कपाली तमसुकअनुसारको रकम रु.३,००,०००।- मध्ये प्रतिवादीले वादीलाई किस्तावन्दीमा बुझाइसकेको रु.१,६८,०००।- कट्टा गरी बाँकी रु.१,३२,०००।- र सो अन्तिम किस्ता बुझाएको २०६० साल बैशाखदेखिको व्याज भराइदिने ठहराएको पुनरावेदन अदालतको फैसला मिलेकै देखिने ।

इजलास अधिकृतः नारायण रेग्मी

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६६ साल जेठ २८ गते रोज ५ शुभम्

## इजलास नं.५

१

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६४ सालको रिट नं. ०२०७, उत्प्रेषणयुक्त परमादेश, *माधवप्रसाद पराजुली वि. कृष्ण अमात्य समेत*

अदालतमा मुद्दा परी कार्वाहीयुक्त अवस्थामा रहेको मिसिल संलग्न कागज प्रमाणबाट देखिइरहेको र जग्गाको क्षेत्रफल थप घट, कम बेशी सम्बन्धमा रिट निवेदनबाट प्रमाण बुझी इन्साफ हुने अवस्था समेत नहुने ।

इजलास अधिकृतः युवराज गौतम

कम्प्युटरः नारायणप्रसाद आचार्य

इति संवत् २०६६ साल असार ४ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६३ सालको रिट नं. ०८१६, उत्प्रेषणयुक्त परमादेश,*गंगा कार्की (रावल) वि. काठमाडौं जिल्ला अदालत समेत*

अदालतमा विचाराधीन रहेको पुनरावेदनमा निर्णय भएबमोजिम गरी फैसला कार्यान्वयन हुने अवस्था हुँदा यो रिट निवेदनउपर थप कारवाही अघि बढाउने आवश्यकता नदेखिने ।

इजलास अधिकृतः युवराज गौतम

कम्प्युटर : नारायणप्रसाद आचार्य

इति संवत् २०६६ साल असार ४ गते रोज ५ शुभम्

३

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६४ सालको रिट नं. १०५६, उत्प्रेषण, *रजिन्द्र यादव वि. मालपोत कार्यालय महोत्तरी जलेश्वर समेत*

विवादको रुपमा साधारण अधिकारक्षेत्र भित्र प्रवेश पाई मुद्दा विचाराधीन रहेको स्थितिमा प्रस्तुत असाधारण अधिकारक्षेत्रको प्रयोग गरी रिट जारी हुन सक्ने अवस्था नहुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः युवराज गौतम

कम्प्युटर टाईपः नारायणप्रसाद आचार्य

इति संवत् २०६६ साल असार ४ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०५९ सालको फौ.पु.नं.२८२६, नागरिकता, *नेपाल सरकार वि.राजेन्द्र सिँह ठाकुर*

प्रतिवादी राजेन्द्र सिँह ठाकुर नेपालको संविधान, २०१९ जारी हुनुपूर्व नै जन्मिएको, निजको जन्म नेपाल सरहदमा भएको भन्ने कुरामा विवाद नभएको, निजको बाबुले नेपालको अंगीकृत नागरिकता हासिल गरेको र तत्कालीन नेपालको संविधान, २०१९ अनुसार प्रत्यर्थी/प्रतिवदी नेपालको नागरिक हुन योग्य भएको समेतका आधार प्रमाणबाट नेपालको नागरिकताको प्रमाणपत्र रद्द गर्ने समेतको नेपाल सरकारको निर्णय उल्टी हुने ।

इजलास अधिकृतः युवराज गौतम

कम्प्युटरः नम्रता बास्तोला

इति संवत् २०६६ साल असार ३० गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री भरतराज उप्रेती,** २०६० सालको फौ.पु.नं. ३४७९, ज्यान, *उरेन्द्रप्रसाद कुश्वाहा वि. नेपाल सरकार*

विगत लामो समयदेखि करणी लिनेदिने कार्य गर्ने पुनरावेदक प्रतिवादीको गर्भावस्थाकी मृतकको स्वास्थ्यसँग प्रत्यक्ष सरोकार रहेको, गर्भ सम्बन्धी झन्झटबाट उम्कन प्रतिवादीले मृतकलाई प्रतिवादी मध्येकी सरस्वती तिमिल्सिना समक्ष पुऱ्याएको र निज प्रतिवादी सरस्वती तिमिल्सिना मौकामा फरार रहेकी र पुनरावेदन अदालतबाट कसूरदार ठहर गरी सजाय गरेको अवस्थामा समेत पुनरावेदन नगरी त्यसै बसेकी जस्ता आधारभूत तथ्यहरूबाट पुनरावेदक प्रतिवादी निर्दोष रहेछन् भन्न सकिने स्थिति नभै गर्भपतन गराउनका लागि पुनरावेदक प्रतिवादीले लापरवाहीपूर्वक औषधी सेवन गराएको तथा सोबाट मृतकको मृत्यु भएको तथ्य स्पष्ट हुने ।

इजलास अधिकृतः युवराज गौतम

कम्प्युटरः नम्रता बास्तोला

इति संवत् २०६६ साल जेठ ४ गते रोज २ शुभम् ।

६

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री भरतराज उप्रेती,** २०६० सालको फौ.पु.नं.३३९७,*नेपाल सरकार वि. विष्णुबहादुर कुवर जोगी,* आगलागी र गौवध समेत

एउटै फैसलाउपर वादी र प्रतिवादीको छुट्टाछुट्टै पुनरावेदन परेको अवस्थामा एकै पटक फैसला गर्नुपर्नेमा सो नभई उक्त छुट्टाछुट्टै पुनरावेदनमा छुट्टाछुट्टै मितिमा एउटै अदालत र समान इजलासबाट अलग-अलग फैसला भएको देखियो । पछि प्रतिवादीको पुनरावेदनमा फैसला गर्दा पहिले फैसला भै सकेको तर्फ कुनै विचार नै नगरी एकै तहबाट पहिलेको फैसला बदर हुने गरी भएको फैसला न्याय र कानूनको दृष्टिकोणबाट समेत कायम रहन नसक्ने ।

इजलास अधिकृतः युवराज गौतम

कम्प्युटरः नम्रता बास्तोला

इति संवत् २०६६ साल जेठ ४ गते रोज २ शुभम् ।

७

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको रिट नं. २५७७, उत्प्रेषण, *विशेश्वर ढकाल वि.स्थानीय विकास मन्त्रालय समेत*

प्रचलित कानूनले छुट्टै उपचारको बाटो तोकिदिएको अवस्थामा करारीय दायित्वको परिपालना गर्न गराउन असाधारण अधिकारक्षेत्र अन्तर्गत रिट क्षेत्राधिकार ग्रहण गरी आदेश गर्न नमिल्ने ।

इजलास अधिकृतः युवराज गौतम

कम्प्युटरः नम्रता बास्तोला

इति संवत् २०६६ साल असार २८ गते रोज १ शुभम् ।

**इजलास नं. ६**

१

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री रणबहादुर बम,** २०६३ सालको स.फौ.पु.नं. ३७६५, सवारी ज्यान, *नेपाल सरकार वि. रवीन्द्र शाही*

सवारी चालकको अनुमतिपत्र नलिई सवारी चलाएमा छुट्टै सजायको व्यवस्था नभएको र अनुमतिपत्र नभएको हकमा सवारी तथा यातायात व्यवस्था ऐन, २०४८ को दफा १६१ (२) बमोजिमकै सजाय हुनुपर्दछ भनी अनुमान गर्न नमिल्ने ।

इजलास अधिकृतः श्रीप्रसाद संजेल

इति संवत् २०६६ साल जेठ २८ गते रोज ५ शुभम् ।

२.

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री रणबहादुर बम,** २०६१ सालको दे.पु.नं. ९२२६, ९२२७, *कृष्णभक्त गौतम वि. तुष्टनारायण लाल दास*

लिखत कागज गर्दा सो लिखतमा कहीँ कतै व्याजको कुरा नै उल्लेख नभएको अवस्थामा व्याज पाउने भनी अर्थ गरी व्याज भराई दिनु कानूनसंगत नहुने ।

इजलास अधिकृतः श्रीप्रसाद संजेल

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६६ साल जेठ २८ गते रोज ५ शुभम् ।

३.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री अवधेशकुमार यादव**, २०६२ सालको स.फौ.पु.नं. ३०८०, ३४८६, ३४८७, ३४८८, २०६२ सालको साधक नं. ३१३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. मनउरल देवान (फकिर) समेत*

जाहेरी दरखास्त, लाश प्रकृति मुचुल्का, लाश जाँच प्रतिवेदन, मनउर देवानको वयान समेतका कागजातहरूबाट मृतक पारसको लाठी खोसी मृतकलाई नै प्रहार गर्ने एकमात्र व्यक्ति मोहम्मद रजाक देवान भएको र निजले मनउर र इद्रिशसमेतको सहयोगमा मृतक पारसलाई हिर्काएको चोटकै कारणले नै मृत्यु भएको देखिँदा घटनास्थलमा उपस्थित भै मुख्य भूमिका निर्वाह गर्ने प्रतिवादी मोहम्मद रजाक देवानले लाठी जस्तो Blunt हतियार प्रयोग गरी चोट छोड्ने कार्य गरेको र सोही चोटको कारणले मृतकको फोक्सोको प्युरल क्याभिटीबाट रगत बग्न तथा जम्न गै मृत्यु भएको देखिँदा निज मोहम्मद रजाक देवानले ज्यानसम्बन्धीको १ नं. को कसूर गरेनन् भन्न सकिने अवस्था नहुँदा ऐ. १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ।

इजलास अधिकृतः हेमबहादुर सेन

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६६ साल बैशाख २८ गते रोज २ शुभम् ।

४.

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री सुशीला कार्की,** २०६२ सालको दे.पु.नं. ७९५७, वेलगती मोही लगत कट्टा, *वासुदेव साह कलवार वि. सहिद मियां अंसारी*

मोहीको लगत भरी मोही प्रमाणपत्र प्राप्त गरेको, कुत वाली प्रत्येक सालको पुनरावेदन वादीलाई बुझाउँदै आएको तथा सम्बन्धित निकायमा धरौटीमा राखी विधिवत मोहीको हैसियतले पूरा गर्नुपर्ने दायित्व समेत पूरा गरिरहेको अवस्थामा अड्डामा कुनै पनि कारणबस स्रेस्ता प्रमाण नभेटिँदैमा फिल्डबुक र जग्गाधनी प्रमाण पूर्जामा आधिकारिक रुपमा मोही हकको प्रमाण समेत प्राप्त गरी बसेको मोहीलाई बेलगती मोही भनी ठहराउन नमिल्ने ।

इजलास अधिकृतः श्रीप्रसाद संजेल

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६६ साल जेठ २९ गते रोज ६ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुरूप निर्णय भएका छन् :

- २०६२ सालको दे.पु.नं. ७९५८, मोहियानी हकको प्रमाणपत्र बदर, *वासुदेव साह कलवार वि. सहिद मियां अंसारी*
- २०६२ सालको दे.फौ.नं. ३२०६, कीर्ते जालसाजी, *वासुदेव साह कलवार वि. सहिद मियां अंसारी*

५.

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री सुशीला कार्की,** २०६१ सालको दे.पु.नं. ८९९७, निषेधाज्ञा, *बद्रिनारायण यादव वि. अब्दुल हमिद मंसुरी*

घर बनाउनको लागि अनुमति प्राप्त गर्न मिति २०५९।१२।२७ मा राजविराज न.पा.मा दरखास्त दिई हक दावीसम्बन्धी १५ दिने सूचना जारी हुँदा कसैले कुनै किसिमले उजूरबाजुर नगर्दा कानूनबमोजिम पक्कि घर बनाउने नक्सा पास गराई राजविराज न.पा. बाट अमिन खटाई जग्गा छुट्याई घर बनाएको देखिँदा विपक्षी निवेदकले गरेको आशंकाको अवस्था नरहने ।

इजलास अधिकृतः हेमबहादुर सेन

ति संवत् २०६६ साल बैशाख ३१ गते रोज ४ शुभम् ।

६.

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री सुशीला कार्की,** २०६३ सालको दे.पु.नं. २०६३-CI-०७०७, निषेधाज्ञा,*नवराज खत्री वि. जिल्ला प्रशासन कार्यालय ललितपुर समेत*

विवादित जग्गामा निर्विवाद हक प्राप्त भइरहेको नपाइएको र अदालतमा सो सम्बन्धमा मुद्दा परिरहेको कारणबाट विपक्षीले खरीद गरेको आफ्नो हक भोगको जग्गामा घर टहरा निर्माण गर्ने कार्यले यी निवेदकको नागरिक अधिकार हनन् भयो भन्न नसकिने ।

इजलास अधिकृतः हेमबहादुर सेन
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०६६ साल बैशाख ३१ गते रोज ४ शुभम् ।

७.

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** २०५९ सालको दे.पु.नं. ८४१७, लेनदेन, *सोमबहादुर गुरुङ वि. किमा डोन्छुल लामा*

प्रतिवादी सोमबहादुर गुरुङ्गको सवारी धनी प्रमाणपत्रमा रहेको हस्ताक्षर निजबाट लिइएका अन्य नमूना हस्ताक्षर समेत र लिखतमा भएको हस्ताक्षर जचाँउदा विशेषज्ञबाट प्रत्येक सही नभिड्ने भनी उल्लेख भएको र एकै व्यक्तिको हो भनी किटान गरेको नदेखिएकाले सोको आधारमै मात्र व्यापारिक सम्बन्ध रहेका यी दुई पक्षबीच भएको विभिन्न मितिहरूमा लिइएको भनी फेहरिस्त खुलाई गरिएको कागजलाई अन्यथा मान्न नमिल्ने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी
कम्प्युटरः: अमिररत्न महर्जन
इति संवत् २०६६ साल जेठ २१ गते रोज ५ शुभम् ।

## इजलास नं. ७

१.

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रेम शर्मा,** २०६३-WO-०३७८, परमादेश, *ध्रुवबहादुर थापा वि. गृह मन्त्रालय समेत*

निवेदकलाई प्रहरी सेवाबाट बर्खास्त गरी सकिएको र निवेदकले कानूनद्वारा प्रदत्त पुनरावेदनको अधिकार उपभोग गरी पुनरावेदन दर्ता गराएकोमा सो विवादको निराकरण सोही पुनरावेदनबाट हुने अवस्थामा प्रस्तुत रिट निवेदनको मागबमोजिम निवेदकले दिएको राजीनामामा आवश्यक कार्यवाही गर्नु भन्ने आदेश जारी गर्नुको कुनै प्रयोजन नरहने ।

इजलास अधिकृतः सुदीप दंगाल
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६६ साल असार १५ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रेम शर्मा,** २०६३-WO-०४४३, उत्प्रेषण, *तारालाल श्रेष्ठ वि. गृह मन्त्रालय समेत*

साधिकार अधिकारीबाट स्पष्टीकरण माग गरी सजायको प्रस्ताव समेत गरी दोस्रो पटक समेत स्पष्टीकरण माग गरी प्रहरी ऐन, २०१२ र प्रहरी नियमावली, २०४९ द्वारा अधिकार प्राप्त अधिकारीबाट सजाय गरेको र सो उपर परेको पुनरावेदन समेत अधिकार प्राप्त अधिकारीले सुनी विधिवत निर्णय गरेको अवस्थामा कानूनबमोजिम भएको काम कारवाहीबाट निवेदकको संवैधानिक एवं कानूनी हक हनन् भएको मान्न नमिल्ने ।

इजलास अधिकृतः सुदीप दंगाल
कम्प्युटर : सरस्वती पौडेल
इति संवत् २०६६ साल असार १५ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री रणबहादुर बम,** २०६४ सालको फौ.पु.नं.१९५ र साधक नं. ०३१, कर्तव्य ज्यान, *भक्तबहादुर खड्का वि. नेपाल सरकार,*

किटानी जाहेरी, लाश प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदनसमेतका आधार, प्रमाण तथा मृतक रोशनीलाई यिनै प्रतिवादीले कर्तव्य गरी मारेको भन्ने तथ्य प्रत्यक्षदर्शी निर्मला भण्डारी समेतले अदालतमा गरिदिएको वकपत्रसमेतबाट पुष्टि एवं

समर्थन भैरहेकोले प्रत्यक्षदर्शीको उक्त कथन प्रमाण ऐन, २०३१ बमोजिम ग्रहणयोग्य हुने ।
इजलास अधिकृतः नारायणप्रसाद दाहाल
कम्प्युटरः धनबहादुर गुरुङ
इति संवत् २०६६ साल बैशाख ९ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री रणबहादुर बम,** २०६५ सालको CR -०१५६, जवर्जस्ती करणी, *मोहनकुमार शिवाकोटी वि. नेपाल सरकार*

पीडित बोल्न नसक्ने लाटी रहेकी, घटनाको तत्कालपछि प्रतिवादीलाई देख्नासाथ झम्टी कुटपीट गरी आफ्नो आक्रोश व्यक्त गरेकी थिई भनी सो कुरा देख्नेहरूले मौकामा र अदालतमा समेत व्यक्त गरेको देखिँदा पीडित व्यक्तिको कथनलाई प्रमाण ऐन, २०३१ को दफा १०(१)(क) बमोजिम अदालतले प्रत्यक्ष प्रमाण मान्नु पर्ने ।

इजलास अधिकृतः नारायणप्रसाद दाहाल
कम्प्युटरः धनबहादुर गुरुङ
इति संवत् २०६६ साल बैशाख ९ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री रणबहादुर बम,** २०६४ सालको CR-०७१९, ०७६९ कर्तव्य ज्यान, *सिर्जन ताम्राकार वि. नेपाल सरकार एवं राजकुमार पोखरेल वि. नेपाल सरकार*

अनुसन्धान अधिकारीसमक्ष भएको साविती वयानलाई लाश प्रकृति मुचुल्का, पोष्टमार्टम रिपोर्ट, निजहरूकै निवेदन तथा निज सुमनकुमार तामाङको कथन एवं प्रतिवादी राजकुमारको अदालतमा समेत भएको स्वीकारोक्ति समेतबाट समर्थन भैरहेको अवस्थामा यिनै प्रतिवादीहरूको कर्तव्यबाटै मृतकको मृत्यु भएको भन्ने स्पष्ट देखिने ।

इजलास अधिकृतः नारायणप्रसाद दाहाल
कम्प्युटरः धनबहादुर गुरुङ
इति संवत् २०६६ साल बैशाख ९ गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६१ सालको दे.पु.नं. ९५४७, नक्सा विपरीत निर्माण भएको भाग भत्काई पाऊँ, *नानी मैया श्रेष्ठ वि. ईश्वरीमाया कर्माचार्य*

आफ्नो जग्गामा टप राखी नक्शा विपरीत घर बनाएको भनेकोमा सो टप राखेको जग्गा क्षेत्र यी पुनरावेदक स्वयंको जग्गाभित्र परेको भन्ने उक्त आयोजनाको नक्सासमेतबाट देखिएको छ । हाल उक्त आयोजनाबाट यी वादीले पाएको जग्गामा सो परेको समेत देखिँदैन । उक्त जग्गा एकीकरण आयोजनाबाट प्राप्त वादी र पुनरावेदक प्रतिवादीको जग्गाको स्थिति र Location फरक-फरकसमेत रहेको देखिँदा परिवर्तित स्थितिमा प्रत्यर्थी वादीको दावी आधारहीन देखिने ।

इजलास अधिकृतः नारायणप्रसाद दाहाल
इति संवत् २०६६ साल बैशाख १४ गते रोज २ शुभम् ।

७

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६० सालको दे.पु.नं.९२९२, झ्याल बन्द गराई पाऊँ, *शम्भुलाल अमात्य वि. भोटे कान्छा महर्जन*

कानूनबमोजिम कुनै काम नगरेमा वा कानूनविपरीत काम गरेमा जरीवाना हुने वा घर वा यसको कुनै भाग भत्काउन सक्नेसमेतको कानूनी व्यवस्था सारवान (Substanitve) व्यवस्था रहेको र उक्त सारवान व्यवस्था प्रचलित कानूनमा संशोधन भएपनि काम भए गरेको समयमा लागू रहेको कानूनबमोजिम नै व्यवस्थित (Govern) गर्नु पर्ने । सोको विपरीत कार्यविधि सम्बन्धी कानून जारी भएको मितिदेखि तत्काल लागू हुने ।
इजलास अधिकृतः विष्णुप्रसाद अर्याल
कम्प्युटरः सरस्वती पौडेल
इति संवत् २०६६ साल बैशाख २१ गते रोज २ शुभम् ।

८

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री सुशीला कार्की,** २०६४-CI-०५३०, अंश, *जयबहादुर टेर वि. जयानन्द टेर*

निजी आर्जन हुनका लागि कुनै अंशियारले आफ्नो ज्ञान सीप वा प्रयासबाट निजी आर्जन गरेको वा कसैबाट निजी तवरले दान वा वकस पाएको वा कसैको अपुताली परेको वा स्त्री अंशधनको ५ नं. बमोजिम पाएकोमा त्यस्तो आर्जन वा पाएको सम्पत्ति निजी आर्जन गर्ने वा पाउने अंशियारको निजी ठहरी आफूखुशी गर्न पाउँछ वण्डा गर्न कर लाग्दैन सोबाहेक अन्य सम्पत्ति अंशवण्डाको १८ नं. बमोजिम जुनसुकै अंशियारका नाउँमा रहेपनि सगोलकै आर्जन भई सबै अंशियारको भाग लाग्ने ।

इजलास अधिकृतः सुदीप दंगाल
कम्प्युटरः रानु पौडेल

इति संवत् २०६६ साल जेठ १३ गते रोज ४ शुभम् ।

९

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री सुशीला कार्की,** २०६५-CR-०१६३,कर्तव्य ज्यान, *विक्रम लामा वि. नेपाल सरकार,* २०६५-CR-०३५७, *नेपाल सरकार वि. अशोक गुरुङ्ग समेत*

अभियोग दावीबमोजिमको कसूर आफूले गरेको भन्ने तथ्यलाई अदालतमा समेत स्वीकार गरेको अवस्थामा मिसिलबाट असंगत नदेखिए निजको सो कथनलाई प्रमाण ऐनको दफा ९ बमोजिम अदालतले प्रतिवादीका विरुद्ध स्वतन्त्र एवं निर्णायक प्रमाणको रुपमा लिनुपर्ने ।

इजलास अधिकृतः सुदीप दंगाल
कम्प्युटरः रानु पौडेल

इति संवत् २०६६ साल जेठ १३ गते रोज ४ शुभम् ।

१०

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री सुशीला कार्की,** २०६० सालको दे.पु.नं.९१३६,अंश, *प्रेमबहादुर बम वि. दीर्घ सिँह बम*

अंशवण्डा भएको देखिने रीतपूर्वकको बण्डापत्र वा भोग विक्री व्यवहारको निश्चयात्मक एवं वस्तुनिष्ठ प्रमाण रहेको पनि देखिन नआएकोले वादीहरूले अंश पाउने नै देखिने ।

इजलास अधिकृतः नारायणप्रसाद दाहाल
इति संवत् २०६६ साल बैशाख १६ गते रोज ४ शुभम् ।

११

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** २०६५ सालको फौ.पु.नं.००९०, २०६५ सालको फौ. साधक नं. ०२५, कर्तव्य ज्यान, *विजयबहादुर बगाले वि. नेपाल सरकार, नेपाल सरकार वि. विजयबहादुर बगाले*

अघिल्लो दिन भएको रिसइवीले गर्दा भोलिपल्ट सो रिस साध्नको लागि धारिलो हतियार प्रयोग गरी मृतकलाई हानी कर्तव्य गरी मारेको पुष्टि भै रहेकोले पूर्व नियोजित र पूर्व तयारीका साथ सम्झी बुझी अपराध गरिएको अवस्थामा प्रतिवादीलाई घटी सजाय गर्न विवेकसम्मत एवं न्यायसंगत समेत नहुने ।

इजलास अधिकृतः विष्णुप्रसाद अर्याल
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६६ साल बैशाख ३० गते रोज ४ शुभम् ।

१२

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** ०६४-CI-०२६३, नामसारी निर्णय बदर अंश हक कायम, *राधा साह सोनार समेत वि. राजेन्द्र साह सोनार समेत*

घर जग्गाका सम्बन्धमा फिल्डबुकमा जनिएको तथ्यलाई यी प्रतिवादीहरूले अन्यथा भन्न र बदर गराउन नसकेको अवस्थामा र सो घर आफ्नो बुबाको अंश भागमा परेको हो भन्ने

तथ्य निर्विवाद प्रमाणबाट स्थापित गराउन नसकेको अवस्थामा आफ्नो पिताको नाममा दर्ता रहेको मात्र कारणले अन्य अंशियारको अंश हकको घर जग्गामा दर्तावालाको हक रहेको मान्न नमिल्ने ।

इजलास अधिकृतः पुष्पराज थपलिया

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६६ साल असार २६ गते रोज ६ शुभम् ।

१३

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** २०६० सालको दे.पु.नं. ९४६५, बण्डापत्र नामसारी दर्ता बदर दर्ता, *नरबहादुर स्याङ्गदन तामाङ वि. रामप्रसाद स्याङ्गदन तामाङ*

सम्पत्तिसम्बन्धी हक प्रचलित कानूनको अधीनमा रही आर्जन गर्ने, भोग गर्ने र अन्य कारोबार गर्ने अधिकार प्रत्येक नागरिकलाई प्राप्त हुने संवैधानिक व्यवस्था भएको अवस्थामा कानूनबमोजिम हक हस्तान्तरण गरिदिएको लिखत बाहेक सो सम्पत्तिमा हक समाप्त हुन सक्ने नदेखिँदा पक्षले कानूनी रीतपूर्वक लिखत गरी हक हस्तान्तरण नगरेसम्म निजको हक समाप्त भएको मान्न नसकिने ।

इजलास अधिकृतः पुष्पराज थपलिया

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६६ साल असार २६ गते रोज ६ शुभम् ।

- यसै लगाउको २०६० सालको दे.पु.नं. ९४७१, लिखत दर्ता बदर दर्ता, *लालमाया तामाङनी समेत वि. रामप्रसाद स्याङदन* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

## इजलास नं. ८

१.

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६२ सालको रिट नं. ३१४५, उत्प्रेषण समेत, *चोमराज दाहाल वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*

जनकल्याणकारी राज्यमा व्यक्ति विशेषको भन्दा समूहको स्वार्थले स्थान पाउने हुँदा सर्व साधारणको सुविधाको लागि निजी बाटोलाई सम्बन्धित व्यक्तिको सहमतिमा सार्वजनिक कायम गरी व्यवस्थित एवं सबैको पहुँचयोग्य बाटो बनाउन भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट भएको निर्णय एवं सो निर्णयको आधारमा जारी भएको निर्देशन एवं सो आधारमा भूमिसुधार तथा व्यवस्थापन विभागबाट जारी भएको परिपत्रले निवेदकको संवैधानिक एवं कानूनी हक अधिकारमा आघात पारेको नदेखिने ।

इजलास अधिकृतः रमेशप्रसाद ज्ञवाली

कम्प्युटरः नारायणप्रसाद आचार्य

इति संवत् २०६६ साल जेठ ६ गते रोज ४ शुभम् ।

२

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६३ सालको दे.पु.नं. ५६१, ५६२ र ५६३, वकसपत्र बदर (अंश नामसारी), *कृष्णप्रसाद यादव वि. तिलका अहिरनी समेत*

आफ्नो हक पुग्ने सम्पत्ति मात्रै आफूखुशी गर्न पाउने प्रष्ट कानूनी व्यवस्था भएको अवस्थामा अरु अंशियारहरूको समेत हक लाग्ने पैत्रिक सम्पत्ति अन्य अंशियारहरूको सहमति बिना हक हस्तान्तरण गरी दिन नपाउने ।

इजालस अधिकृतः विमल पौडेल

कम्प्युटरः धनबहादुर गुरुङ्ग

इति संवत् २०६६ साल जेठ २७ गते रोज ४ शुभम्

३

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६२ सालको दे.पु.नं. ८३६२, अंश नामसारी, *छोटेलाल लोनिया वि. रामलौट लोनिया,* २०६२ सालको दे.पु.नं. ८३६३, अंश नामसारी, *श्याम विहारी वि. रामलौट लोनिया,*२०६२ सालको दे.पु.नं. ८३६४, अंश नामसारी, *खेदन लोनिया वि. रामलौट लानिया,*

अंश हक कुनै पनि व्यक्तिको कानूनी अधिकार भएको हुँदा सम्बन्धित व्यक्तिले आफूले

अंश लिन्न भनी रीतपूर्वक कागज गरी छोडी नदिएसम्म कानूनबमोजिम अंश पाउने ।
इजलास अधिकृतः विमल पौडेल
कम्प्युटरः धनबहादुर गुरुङ्ग
इति संवत् २०६६ साल जेठ २७ गते रोज ४ शुभम्

४

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६१ सालको रिट नं. ३१३०, उत्प्रेषण परमादेशयुक्त जो चाहिने आज्ञा आदेश वा पूर्जी जारी गरिपाऊँ, *विजयकुमार झा समेत वि. पूर्वाञ्चल क्षेत्रीय प्रहरी विशेष अदालत विराटनगर समेत*

कानूनले पुनरावेदन गर्न पाउने व्यवस्था गरी पर्याप्त कानूनी उपचारको व्यवस्था गरेको अवस्थामा सो उपचारको मार्ग अवलम्बन गर्नुपर्ने । उपचारको बैकल्पिक उपाय नभएमा मात्र रिट क्षेत्रमा प्रवेश गर्न मिल्ने ।
इजलास अधिकृतः शिशिरराज ढकाल
कम्प्युटरः धनबहादुर गुरुङ्ग
इति संवत् २०६६ साल असार २८ गते रोज १ शुभम् ।

५

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६३ सालको रिट नं. ३४७०, उत्प्रेषण, *गोपाल श्रेष्ठ वि. पूर्व क्षेत्रीय प्रहरी कार्यालय रानी विराटनगर मोरङ समेत*

पदीय जिम्मेवारी पालना गर्ने अवस्थामा नभई व्यक्तिगत समयमा रहेको अवस्थामा सामान्य रुपमा मादक पदार्थ सेवन गरेको कुरालाई कसूर कायम गर्न मिल्दैन र सोही विषय नोकरीबाट हटाउने आधार बन्न पनि नसक्ने ।
इजलास अधिकृतः शिशिरराज ढकाल
कम्प्युटरः धनबहादुर गुरुङ्ग
इति संवत् २०६६ साल असार २८ गते रोज १ शुभम् ।

६

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०५८ सालको रिट नं. ३०८७, उत्प्रेषणयुक्त परमादेश, *पदमबहादुर दुलाल समेत वि. प्रमुख जिल्ला अधिकारी जिल्ला प्रशासन कार्यालय झापा समेत*

सुनुवाईको मौका नदिई एकपक्षीय रुपमा गरेको निर्णयले कानूनको दृष्टिमा मान्यता पाउन सक्ने समेत नहुँदा निवेदकहरूलाई प्रतिवाद गर्ने मौका प्रदान नगरी भएको विपक्षीको निर्णय त्रुटिपूर्ण हुने ।
इजलास अधिकृतः रमेशप्रसाद ज्ञवाली
कम्प्युटरः धनबहादुर गुरुङ्ग
इति संवत् २०६६ साल असार ७ गते रोज १ शुभम् ।

७

**मा.न्या. श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६५ सालको रिट नं.२०६५-WO-०२०२, उत्प्रेषण समेत, *ममता पाण्डे वि. नेपाल सरकार समेत*

प्रतिस्पर्धात्मक आधारमा लिइने छनौटको प्रक्रियालाई मञ्जूर गरेर परीक्षामा सहभागी हुने तर अन्तर्वार्तामा असफल भएपछि मात्र समावेशी सिद्धान्तको आधारमा छनौट हुनपर्ने माग गर्दा प्रष्ट कानूनी व्यवस्थाको आधार लिन सकेको नदेखिँदा राष्ट्रिय वाणिज्य बैंकले कानूनबमोजिम गरेको पदपूर्तिसम्बन्धी कार्यलाई बिना कानूनी आधार त्रुटिपूर्ण मान्न नमिल्ने ।
इजालस अधिकृतः विमल पौडेल
कम्प्युटरः धनबहादुर गुरुङ्ग
इति संवत् २०६६ साल जेठ ३१ गते रोज १ शुभम्

८.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६३ सालको रिट नं. ११११, उत्प्रेषण परमादेश, *रामजी मिश्र वि. क्षेत्रीय शिक्षा निर्देशनालय पश्चिमाञ्चल समेत*

निवेदकलाई पटक-पटक स्पष्टीकरण सोधी सफाइको मौका प्रदान गरेको र पटक-पटक विद्यालयमा उपस्थित हुने सूचना दिंदा पनि वेवास्ता गरी विद्यालयमा बिना सूचना गैरहाजीर भएको देखिएकोले शिक्षा नियमावली, २०५९ को नियम १४७ कार्यविधि पूरा गरी नियम १४३ बमोजिम सजाय गर्ने अधिकारप्राप्त अधिकारी क्षेत्रीय शिक्षा

निर्देशकले निवेदकलाई सेवाबाट बर्खास्त गरेको निर्णयमा कुनै कानूनी त्रुटि देखिन नआउने ।
इजलास अधिकृतः शिशिरराज ढकाल
कम्प्युटरः धनबहादुर गुरुङ्ग
इति संवत् २०६३ साल जेठ १ गते रोज ६ शुभम् ।

९.

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको १००६, उत्प्रेषण, *वटुकृष्ण कार्की वि. पिताम्वर अधिकारी समेत*

निवेदकको इच्छाविरुद्ध करकापपूर्ण तवरले कुनै निकायमा कुनै किसिमको कागज भए गरेको भए सो उपर कानूनी उपचारको मार्ग अवलम्वन गर्न पाउने कानूनी अधिकारबाट कसैले वञ्चित गर्न नसक्ने ।
इजलास अधिकृतः रमेशप्रसाद ज्ञवाली
कम्प्युटरः धनबहादुर गुरुङ्ग
इति संवत् २०६६ साल जेठ ८ गते रोज ६ शुभम् ।

१०.

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५ सालको रिट नं. ०९६१,उत्प्रेषण, *सदरे आलम वि. महानगरीय प्रहरी परिसर हनुमानढोका काठमाडौं समेत*

गैरकानूनी थुनामा राखे वा लेनदेनको विषयमा अधिकारक्षेत्र नभएको निकायले कुनै कागज गराए वा निवेदकको ईच्छा विपरीत अन्य कुनै कार्य गरेको अवस्थामा सोही वखत उपचार प्राप्त गर्न सक्ने हक सुरक्षित रहने नै हुँदा मौजुदा अवस्थामा रिट निवेदनमा उल्लिखित तथ्य निर्विवाद रुपमा स्थापित भएको नदेखिँदा मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिने ।
इजलास अधिकृतः रमेशप्रसाद ज्ञवाली
कम्प्युटरः धनबहादुर गुरुङ्ग
इति संवत् २०६६ साल जेठ ८ गते रोज ६ शुभम् ।

- यस्तै प्रकृतिको २०६३ सालको रिट नं. WO-०८५१, उत्प्रेषण समेत, *खोकनाथ हुमागाई वि. महानगरीय प्रहरीबृत्त नयाँ बानेश्वर काठमाडौ समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

११.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको फौ.पु.नं. १७७/०४१७, कर्तव्य ज्यान, *चित्रबहादुर मल्ल वि. नेपाल सरकार, नेपाल सरकार वि. चित्रबहादुर मल्ल*

वारदात हुँदाको परिस्थिति हेर्दा आकस्मिक रूपमा घटना घटेको अवस्था र मृतक र प्रतिवादी बीचको तत्कालको सम्बन्धसमेतको स्थिति हेर्दा ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसार सर्वश्वसहित जन्मकैद गर्दा चर्को पर्ने देखिएकोले मुलुकी ऐन अ.वं. १८८ नं. बमोजिम प्रतिवादीलाई १० (दश) वर्ष सजाय हुने ।
इजलास अधिकृतः कमलप्रसाद पोखरेल
इति संवत् २०६५ साल चैत १२ गत रोज २ शुभम् ।

१२

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६४ सालको दे.पु.नं. १२३८, बहाल भराई घरबाट उठाई पाउँ, *दिव्यराम श्रेष्ठ वि. ज्ञानीमाया थापा श्रेष्ठ,*

वादी प्रतिवादीका बीचमा घरभाडा लिनेदिने सम्बन्धमा कुनै किसिमको कबुलियत नभएको, भाडा लिनुदिनु भएको कुनै भरपाई कागज समेत मिसिल संलग्न नपाइएको तथा वादीकी सौतेनी आमा नाताकी प्रतिवादीले आफ्नो समेत हक लाग्ने घरमा बस्दा लिखित प्रमाणको अभावमा भाडा तिर्ने गरी बसेकी होलिन भनी अनुमान गर्न सकिँदैन । यस्तो अवस्थामा घरभाडामा दिएको तथा भाडा बुझेको भन्ने समेतका लिखित प्रमाणको अभावमा वादी दावीबमोजिम प्रतिवादीबाट वादीलाई घरभाडा दिलाउनु पर्ने अवस्था देखिन नआउने ।
इजलास अधिकृतः शिशिरराज ढकाल
कम्प्युटरः धनबहादुर गुरुङ्ग
इति संवत् २०६६ साल जेठ २१ गते रोज ५ शुभम् ।

१३

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६४ सालको दे.पु.नं.११६८,लेनदेन, *विष्णु कुर्मी वि. बाकेलाल कुर्मी,*

लेनदेन मुद्दाको फैसलाले ठहरेको बिगो भरी भराउका लागि वादीले जेथा देखाई दरखास्त दिएका बखत बिगो भरी भराउसम्बन्धी कारवाही हुँदाको अवस्थामा वादीले देखाएको सम्पत्ति मध्ये कुन-कुन के कति सम्पत्तिबाट बिगो भरी भराउ हुने हो वा के हो ? भन्ने निर्क्यौल हुने विषय भएकोमा सो बिगो भरी भराउसम्बन्धी कार्य हुनुभन्दा अगावै परेको निवेदनमा मुद्दाको रोहबाट यी पुनरावेदन वादीले रोक्का गरेको जग्गाहरू फुकुवा गर्न नमिल्ने ।

इजलास अधिकृतः शिशिरराज ढकाल

कम्प्युटरः धनबहादुर गुरुङ्ग

इति संवत् २०६६ साल जेठ २१ गते रोज ५ शुभम् ।

१४

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री सुशीला कार्की,** २०६० सालको दे.पु.नं. ८४२४, निर्णय बदर गुठी कायम, *रत्नकुमारी शिल्पकार समेत वि. हीरादेवी शिल्पकार समेत,*

धर्मपत्रमा शेष खान पाउने भन्ने स्पष्ट व्यवस्था गरेको देखिएको छैन । त्यस्तै उक्त धर्मपत्र बमोजिमको हक वादीका पति पिताले आफ्नो जीवनकालमा स्थापित गराउन नसकेको अवस्थामा प्रतिवादीका पति पिताको मृत्युपछि निजको मृत्यु हुनु अगावैको निर्णय बदर गराउन समेत यी वादीहरूलाई अ.व. ८२ नं. ले हक प्रदान गरेको नदेखिने ।

इजलास अधिकृतः नारायणप्रसाद दाहाल

कम्प्युटर : मिनु शाही

इति संवत् २०६६ साल जेठ १२ गते रोज ३ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुरूप निर्णय भएका छन् :

- २०६० सालको फौ.पु.नं. ३१२९, जालसाजी, *रत्नकुमारी शिल्पकार समेत वि. हीरादेवी शिल्पकार समेत*
- २०६० सालको फौ.पु.नं. ३१३०, जालसाजी, *रत्नकुमारी शिल्पकार समेत वि. हीरादेवी शिल्पकार समेत*

१५.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री सुशीला कार्की,** २०६० सालको फौ.पु.नं. ३४०४, भ्रष्टचार (नक्कली प्रमाणपत्र), *श्यामकृष्ण थापा वि. नेपाल सरोकार,*

भ्रष्टाचार निवारण ऐन, २०५९ मिति २०५९।३।५ मा लागू हुनुपूर्व भ्रष्टाचार निवारण ऐन, २०१७ लागू रहेका अवस्थामा पेश गरेको नक्कली प्रमाण पत्रको विषयमा सो ऐनअनुसार सजाय गर्ने गरेको कुरा खारेज भइसकेको ऐन अनुसार सजाय गरेको कानूनसम्मत भएन भन्न नमिल्ने ।

इजलास अधिकृतः शिशिरराज ढकाल

कम्प्युटर गर्नेः धनबहादुर गुरुङ्ग

इति संवत् २०६६ साल जेठ २२ गते रोज ६ शुभम् ।

यसै लगाउका् २०६२ सालको फौ.पु.नं.३७७७, भ्रष्टचार, *समीर शमशेर राण वि. नेपाल सरकार* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

१६.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री सुशीला कार्की,**२०६४ सालको दे.पु.नं. ०३३२, फैसला बदर धर्मलोप, *चन्द्रबहादुर रंजितकार वि. गजेन्द्रमान रंजितकार समेत*

मुलुकी ऐन गुठीको महलको ३ नं. ले गुठी चलाई शेष बाँकीसम्म गुठीयारले खान पाउनेबाहेक गुठी जग्गा कायम गरी आ-आफ्नो गरी कुनै व्यहोराले लिन नपाउने कानूनी व्यवस्था गरेकोमा प्रतिवादीहरू बीचमा चली फैसला भएको अंश मुद्दामा तायदाती दाखेल गराई वण्डा लिने दिने गरी मूल सम्पत्ति नै लिने खाने गरी प्रतिवादीहरूबाट फैसला गराएको देखिएको र उक्त जग्गामा वादीहरू समेत गुठियार देखिएकोले वादीहरूले उक्त फैसला बदर गराउन सक्ने ।

इजलास अधिकृतः नारायणप्रसाद दाहाल

कम्प्युटर : धनबहादुर गुरुङ्ग

इति संवत् २०६६ साल जेठ १२ गते रोज ३ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुरूप निर्णय भएका छन् :

- २०६४ सालको दे.पु.नं. ०३३४, लिखत दर्ता बदर, *तुलसी महर्जन वि. जमुना रंजितकार समेत*
- २०६४ सालको दे.पु.नं.०३३३, फैसला बदर धर्मलोप, *चन्द्रबहादुर रंजितकार वि. गजेन्द्रमान रंजितकार समेत*

१७.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री सुशीला कार्की,** २०६४ सालको दे.पु.नं. ०३३६, निर्णय बदर, *जयप्रकाश प्रधान वि. सूर्यमाया रन्जीतकार समेत,*

गुठी कायम भै तह-तह मुद्दा परी विभिन्न मुद्दामा निर्णय भैरहेको अवस्थामा निजहरूलाई असर पर्ने गरी निजहरूलाई बुझ्दै नबुझी गुठी तहसिल कार्यालयबाट भएको निर्णय र सोही निर्णयको आधारमा मालपोत कार्यालयले कित्ताकाट गरी नक्साल भगवती गुठी र मोही ज्यानबहादुरलाई कायम गरेको मिलेको नदेखिने ।

इजलास अधिकृतः नारायणप्रसाद दाहाल
कम्प्युटरः धनबहादुर गुरुङ्ग
इति सम्वत् २०६६ साल जेठ १२ गते रोज ३ शुभम् ।

१८.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री प्रकाश वस्ती**, २०६२ सालको फौ.पु.नं.३५८२, जवर्जस्ती करणी, *नेपाल सरकार वि. नारायणबहादुर राउत*

अन्य प्रमाणबाट कसूर गरेको भन्ने पुष्टि भइरहेको अवस्थामा केवल पीडित तथा अनुसन्धान अधिकारी समक्ष कागज गर्ने व्यक्तिहरूले पहिला आफूले भनेको भनाइको विपरीत हुने गरी गरेको वकपत्रको आधारमा मात्र प्रतिवादीलाई सफाइ दिँदै जाने हो भने पीडित तथा अन्य व्यक्तिउपर अनुचित प्रभाव पार्न सक्ने अपराधीहरूले कहिल्यै पनि सजाय पाउने अवस्था नआउने ।

इजलास अधिकृतः शिशिरराज ढकाल
कम्प्युटर : धनबहादुर गुरुङ्ग
इति संवत् २०६६ साल जेठ १८ गते रोज २ शुभम् ।

१९

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री प्रकाश वस्ती**, २०६३ सालको फौ.पु.नं.२९२, जालसाजी, *दुर्गा तामाङ वि. ध्रुवनारायण लाल कर्ण समेत*

तत्काल प्रचलित मुलुकी ऐन कीर्ते कागजको महलको १८ नं. अनुसार काम भए गरेको मितिबाट २ बर्षभित्र नालेस दिनु पर्ने ।

इजलास अधिकृतः शिशिरराज ढकाल
कम्प्युटर : नारायणप्रसाद आचार्य
इति संवत् २०६६ साल जेठ २७ गते रोज ४ शुभम् ।

२०.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री प्रकाश वस्ती**,२०६३ सालको दे.पु.नं. ८९२५, निषेधाज्ञा, *दुर्गा तामाङ्ग वि. ध्रुवनारायण लाल कर्ण समेत*

निषेधाज्ञाको निवेदनबाट हुन लागेको कुनै काम कारवाही रोकी यथास्थितिमा राख्नेसम्मको उपचार प्रदान गरिने हुँदा प्रस्तुत मुद्दामा नक्सा पास गर्ने गराउने काम सम्पन्न भै सकेको देखिँदा सम्पन्न भै सकेको कार्यका विषयमा निषेधाज्ञा जारी हुने अवस्था नरहने ।

इजलास अधिकृतः शिशिरराज ढकाल
कम्प्युटर : धनबहादुर गुरुङ्ग
इति संवत् २०६६ साल जेठ २७ गते रोज ४ शुभम् ।

२१

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री प्रकाश वस्ती,**२०६३ सालको दे.पु.नं. ५३४, ५३७, नापी निर्णय बदर, *ध्रुवनारायण लाल कर्ण वि. दुर्गा तामाङ*

आफ्नो हक स्वामित्व नभएको जग्गामा कसैले अवैध र अनाधिकार किसिमले घर बनायो भन्दैमा सो घरले चर्चेको भूभागमा निजको स्वामित्व कायम हुन नसक्ने ।

अरुको जग्गामा सम्पूर्ण घर उभ्याउने वा मिचेर घरको खण्ड उभ्याउने गैरकानूनी कार्यले कानूनी संरक्षण पाउनु न्यायोचित नहुने ।

इजलास अधिकृतः शिशिरराज ढकाल
कम्प्युटर : नारायणप्रसाद आचार्य
इति संवत् २०६६ साल जेठ २७ गते रोज ४ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुरूप निर्णय भएका छन्:

- २०६३ सालको दे.पु.नं. ५३५, घर उठाई ( हटाई) पाऊँ, *ध्रुवनारायण लाल कर्ण वि. दुर्गा तामाङ समेत,* २०६३ सालको दे.पु.नं. ५३६, *दुर्गा तामाङ समेत वि. ध्रुवनारायण लाल कर्ण,*
- २०६० सालको दे.पु.नं. ८८१६, निषेधाज्ञायुक्त परमादेश, *ध्रुवनारायण लाल कर्ण वि. दुर्गा तामाङ समेत*

२२.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री प्रकाश वस्ती**, २०६३ सालको दे.पु.नं.७५४, निर्णय बदर,*शोभा खड्का समेत वि. दिलबहादुर खड्का समेत*

आफ्नो दावीलाई स्थापित गर्नुपर्ने कर्तव्य पालन गर्नुपर्ने पक्षका हकमा अ.वं. १३९ लगायतका प्रक्रिया अदालतले परिपालन गरी फिराद तथा प्रतिउत्तरसमेतका पेटबोलीमा उल्लेख नभएका व्यक्तिलाई बुझी नयाँ दावी र नयाँ प्रतिवादीहरू कायम गर्न अ.वं. १३९ नं. ले अदालतलाई अधिकार दिएको मान्न नमिल्ने ।

इजलास अधिकृतः शिशिरराज ढकाल

कम्प्युटर : नारायणप्रसाद आचार्य

इति संवत् २०६६ साल जेठ २७ गते रोज ४ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुरूप निर्णय भएका छन् :

- २०६३ सालको दे.पु.नं. ७५३, लिखत बदर, *विद्यालक्ष्मी श्रेष्ठ वि. दिलबहादुर खड्का समेत*
- २०६३ सालको दे.पु.नं. ७५३, लिखत बदर, *शोभा खड्का समेत वि. दिलबहादुर खड्का*

२३.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री भरतराज उप्रेती,** २०६२ सालको स.फौ.पु.नं. ३२१६ र ३३११, सवारी ज्यान, *नेपाल सरकार वि.हरिबहादुर श्रेष्ठ*

आफ्नो असावधानीको कारणले गर्दा दुर्घटना हुन गएको भन्ने कुरा स्वीकार गरिसकेको अवस्थासमेतका कारणले सृजित दुर्घटना भएको पुष्टि हुन आएको स्थितिमा प्रतिवादीलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिमको कसूर कायम गरी सजाय गरेको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न सकिने अवस्थासमेत नदेखिने ।

इजलास अधिकृतः दीपककुमार खरेल

इति संवत् २०६५ साल चैत २७ गते रोज शुभम् ।

## इजलास नं. ९

१

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या. श्री ताहिर अली अन्सारी,** २०६१ सालको दे.पु.नं.९७२६, जग्गा खिचोला चलन, *रिना खड्का वि. गोपालबहादुर खड्का*

वादीको दर्ता स्रेस्तामा उल्लेख भएभन्दा बढी नै जग्गा निजको हक भोगमा रहिरहेको, दावी धन्सार घर निजको भागमा परेको प्रमाणबाट नदेखिएको र प्रतिवादीको पनि दर्ता श्रेस्ताभन्दा बढी नै जग्गा भोगमा रहिरहेको अवस्थामा वादी दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

इति संवत् २०६६ असार ८ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या. श्री राजेन्द्रप्रसाद कोइराला,** २०६४ WO ०४१३, उत्प्रेषण परमादेश समेत, *नन्दप्रसाद अधिकारी वि. महाप्रबन्धक नेपाल वायुसेवा निगम काठमाडौं समेत*

जुन कार्य रोकिपाऊँ भनी निवेदकले निवेदनमा जिकीर लिएको हो सो कार्य गर्न अदालतले पहिले नै आदेश दिइसकेको र जहाजका इन्जिनहरू मर्मत गर्ने कार्यहरू सम्पन्न भइसकेको भन्ने नेपाल वायुसेवा निगमको पत्रसमेतबाट उल्लेख भई मर्मत कार्य रोकिपाऊँ भनी माग गरेको बोइङ्ग ७५७ को जहाजका इन्जिनहरू मर्मत भइसकेको अवस्था स्थितिमा प्रस्तुत रिट निवेदनको औचित्य नै समाप्त भैसकेको हुँदा निवेदनमा केही विचार गरिरहनु नपर्ने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

इति संवत् २०६६ असार १२ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या. श्री राजेन्द्रप्रसाद कोइराला,** २०६५ WO ००३५, परमादेश, *रन्जित थापा समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

बाबु वा आमा मध्ये दुवैलाई वंशज मानी बाबु वा आमामध्ये कुनै एकको नामबाट नागरिकताको प्रमाणपत्र लिने अधिकार नेपाल नागरिकता नियमावली, २०६३ को दफा ३ समेतले प्रदान गरिसकेको अवस्थामा बाबुको ठेगानाबाट मात्र निवेदकले नागरिकताको प्रमाणपत्र लिनुपर्ने कुरा उपरोक्त नेपाल नागरिकता नियमावली, २०६३ समेतको बर्खिलाप हुन जाने र ऐन नियमको मनसाय विपरीत हुन्छ भने नेपाल पक्ष भएका मानवाधिकारसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डको पनि विपरीत हुन जाने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

इति संवत् २०६६ असार १२ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६५-CR-०२७३, कर्तव्य ज्यान, *काशी साउद वि. नेपाल सरकार,* २०६४ सालको साधक नं. ०४६, *नेपाल सरकार वि. काशी साउद*

प्रतिवादी स्वयम्ले अधिकार प्राप्त अधिकारीसमक्ष एवं अदालतमा आई कसूर अपराध गरेमा सावित भएको, मौकामा कागज गर्ने चश्मदीद व्यक्तिहरूले अदालतमा उपस्थित भई वकपत्र गर्दा समेत प्रतिवादीले मृतकलाई मारेमा पुष्टि हुने गरी वकपत्र गरेको, शव परीक्षण प्रतिवेदन, लाश प्रकृति विवरणसमेतले प्रतिवादीले कसूर अपराध गरेको भन्ने साक्षीको वकपत्र समेतलाई सर्मथित गरिरहेको अवस्थामा मैले कसूर गरेको होइन अरुले नै गरेको भनी अदालतमा पुनरावेदन गर्दा जिकीर लिएकै भरमा यस्तो क्रूर एवं जघन्य अपराधमा निर्दोष रहेछन् भनी मान्न नसकिने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

इति संवत् २०६६ असार १० गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या. श्री रणबहादुर बम,** २०६३ सालको दे.पु.नं. १०५९, हकसाफी, *योगी मण्डल वि. चन्द्रेश्वरप्रसाद साह,*

प्रतिवादीले वादीको जग्गासँग विवादित जग्गाको साँधा सिमाना मिल्ने भएपनि विपक्षीको जग्गा सडकसँग जोडिएको हुँदा साँध जाडिँदैमा सन्धीसर्पन पर्ने होइन भनी निखन्न दिनलाई इन्कार गरेको अवस्थामा वादी दावीको जग्गामा विपक्षीको सन्धी सर्पन परेको छ छैन भनी प्रमाण बुझी निर्णय गर्न अधिकार रजिष्ट्रेशनको ३५(२) ले मालपोत कार्यालयलाई प्रदान गरेको नदेखिने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

इति संवत् २०६६ साल असार २३ गते रोज ३ शुभम्

६

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६१ सालको दे.पु.नं. ९८५४, अपुताली हक कायम खिचोला मेटाई चलन चलाई पाऊँ, *औतार अहिर वि. भागदेही अहिर्नी समेत*

नागरिकता प्रमाणपत्र प्राप्त गर्नुभन्दा पहिल्यै बाबुको नाम वरसाती अहिर लेखाई जग्गाधनी दर्ता प्रमाणपूर्जासमेत सोही व्यहोराले प्राप्त गरेको स्थिति देखिएको र सोमा उल्लेख भएको बाबु बाजेको नाम समेतको स्रेस्ता विवरण यथावत कायम रहेको अवस्थामा यी प्रतिवादीले आफ्नो बाबु वरसाती होइनन् भनेकै आधारमा मात्र तत्सम्बन्धी तथ्यलाई मान्यता दिने अवस्था नरहने ।

इजलास अधिकृतः हरिराज कार्की

इति संवत् २०६६ साल जेठ १९ गते रोज ३ शुभम्

- यसै लगाउको २०६१ सालको फौ.पु.नं. ३७२६, जालसाजी, *निवर कुर्मी समेत वि.कोदइ अहिर समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

७

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या. श्री गिरीशचन्द्र लाल,** २०६० सालको दे.पु.नं.९४३४, हक कायम दर्ता, *रामरतिदेवी सुडिन समेत वि. दीपनारायण साह समेत*

सर्भेनापीको अवस्थामा कसैको नाम लेखिँदैमा स्वतः हक स्थापित नहुनेमा अन्य सम्बद्ध प्रमाणहरू पुनरावेदक प्रतिवादीहरूले पेश दाखेल गर्न नसकेको अवस्थामा दर्ता स्रेस्ताको विलोवन्द, ७ नं. फाराम, गा.वि.स. को सिफारिश एवं भै आएको सर्जमीन मुचुल्का समेतबाट उल्लिखित जग्गाहरू वादीका पिता/ससुरा रामचन्द्र साहु सुडीको दर्ता भोग चलनको देखिन आउने ।

इजलास अधिकृतः दीपककुमार खरेल

इति संवत् २०६६ साल जेठ ४ गते रोज २ शुभम् ।

८

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या. श्री भरतराज उप्रेती,** २०६४ सालको फौ.पु.नं.०३३७, कर्तव्य ज्यान, *भोजनलाल चौधरी वि. नेपाल सरकार*

खेत हुँदै माइत गएको भन्ने भनाइले निश्चित बाटो वा गोरेटोबाट कारीदेवी हिँडेको भन्ने नदेखिएको र खेतमा मानिसहरू देखेपछि जिज्ञासावस घटनाको नजिक जानु मानवीय स्वभाव हुँदा निज कारीदेवी खेत हेर्दै गएको भन्ने भनाइको अर्थ निजले आफ्नै खेतमा खुट्टा टेकेर घटना देखेको हुनुपर्छ भनी तर्क गर्न नमिल्ने ।

कारीदेवी घटनाको दिन खेत हुँदै माइत गएको माइत जाने क्रममा प्रतिवादीहरूले मृतकलाई जवर्जस्ती करणी गर्दै गर्दा आँखाले देखेको भन्ने निजको भनाइलाई निज घटनाको नजिक किन गइन ? निज त्यहाँ जानु आवश्यक नै थिएन भन्ने जस्ता तर्क गरी निजले प्रत्यक्ष आँखाले देखी व्यक्त गरेको महत्वपूर्ण भनाइलाई प्रमाणमा लिनबाट इन्कार गर्न नमिल्ने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

इति संवत् २०६६ साल बैशाख ३० गते रोज ४ शुभम्

९

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको WO ००२१, उत्प्रेषण लगायत जुनसुकै उपयुक्त आदेश जारी गरिपाऊँ, *श्याम श्रेष्ठ समेत वि. भूमिसुधार कार्यालय समेत*

मोहीका हकवालामध्ये कसैले अन्य व्यक्तिको नाममा मोही नामसारी भएमा मञ्जूर छु भनी निवेदन दिनु भनेको मोही हक सम्बन्धमा आफ्नोतर्फबाट सधैका लागि दावी छोडी विवन्धित हुनु हो । त्यस्तोमा हक दावी छोडी दिएको भनिएको मञ्जूरनामा निवेदनलाई सनाखत नै नगराई निर्णयमा आधार लिएको र भएको निर्णयको जानकारी दिएकोसमेत नदेखिँदा त्यस्तो सरोकारवाला व्यक्तिलाई बुझ्दै नबुझी भएको निर्णयलाई न्यायपूर्ण निर्णय भन्न नमिल्ने ।

इजलास अधिकृतः हरिराज कार्की

इति संवत् २०६६ साल असार १७ गते रोज ४ शुभम्

१०

**मा.न्या. श्री रणबहादुर बम र मा.न्या. श्री गिरीशचन्द्र लाल,** २०६१ सालको फौ.पु.नं. ३८१३, जवर्जस्ती करणी, *नेपाल सरकार वि. डालबहादुर तामाङ्ग*

पीडितले प्रहरीसमक्ष गरेको कागज, निजका बाबु आमाले प्रहरीसमक्ष गरेको कागज तथा सो कागजलाई समर्थन गरी तीनै जनाले अदालतसमक्ष गरेको वकपत्र एवं प्रतिवादीको प्रहरी समक्ष भएको वयान कागजसमेत एक अर्कामा मिल्न आएको देखिँदा सृंखलावद्ध रुपमा पीडितलाई जवर्जस्ती करणी गरेको कुरा प्रमाणित एवं पुष्टि हुने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

इति संवत् २०६६ साल असार २९ गते रोज २ शुभम्

## इजलास नं. १०

१

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६३ सालको दे.पु.नं. ९०६९, परमादेश, *कलाधार आचार्य वि.नेपाल सरकार, मालपोत कार्यालय, सिन्धुपाल्चोक चौतारा*

आफ्नो हकको भनी आधार लिएको वन कार्यालयको फैसलामा कि.नं.३९१ र कि.नं. ६४५ यी निवेदकको नाउँमा दर्ता गर्नुपर्छ भनी नबोलेको

अवस्थामा दर्ता नभएको जग्गा प्रचलित कानूनबमोजिम जग्गा दर्ता गर्ने सम्बन्धमा छुट्टै प्रक्रिया अपनाउनु पर्ने ।

इजलास अधिकृतः खड्गबहादुर श्रेष्ठ

इति संवत् २०६६ साल असार ११ गते रोज ५ शुभम्

२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला, २**०६३ सालको दे.पु.नं. ०१८४, परमादेश, *कुमारबहादुर खड्का वि. कपिलेश्वर खड्गा*

२०६१।४।१ देखि २०६२ असार मसान्तसम्म पूरै १ वर्षको लागि ठेक्का लिई ठेक्काको रकम भुक्तानी गरिसकेको तर पछिल्लो तीन महिनामा ठेक्का सम्झौतानुसार कर, दस्तूर उठाउन नपाएको भन्ने आधारयुक्त कारण देखाई निवेदन दिएमा यस उपर यथाशीघ्र कानूनबमोजिम कारवाही निर्णय गर्नु विपक्षी जिल्ला विकास समितिको कानूनी दायित्व हुने ।

इजलास अधिकृतः खड्गबहादुर श्रेष्ठ

इति संवत् २०६६ साल असार ११ गते रोज ५ शुभम्

३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला**, २०६३ सालको दे.पु.नं.०७८२, निषेधाज्ञा, *चिरन्जीवी ढुङ्गाना समेत वि. कृषि ठाकुर*

सेवाबाट अवकाश दिएको निर्णयउपर परेको पुनरावेदनको अन्तिम किनारा भै सकेको भन्ने नदेखिएको र सो अन्तिम किनारा नभएसम्म सेवाबाट अवकाश दिने गरी भएको निर्णयले अन्तिम रुप ग्रहण गर्न सक्तैन । किनभने सो निर्णय त्रुटिपूर्ण देखिए बदरसमेत हुनसक्ने हुँदा यस्तो अवस्थामा अवकाशको निर्णयले अन्तिम रुप लिएको मान्न नमिल्ने ।

इजलास अधिकृतः खड्गबहादुर श्रेष्ठ

इति संवत् २०६६ साल असार ११ गते रोज ५ शुभम् ।

४.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला**, २०६३ सालको दे.पु.नं.०६९९ एवं ०७१४, निषेधाज्ञा, *धर्म साई वि. पोखरा उ.म.न.पा.कार्यालय*

निवेदकहरूले दावी लिएको कि.नं. ६८ र १८२१ को जग्गामा निवेदकहरूको निर्विवाद हक स्वामित्वका कुरामा निषेधाज्ञा जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः खड्गबहादुर श्रेष्ठ

इति संवत् २०६६ साल असार ११ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला**, २०६३ सालको दे.पु.नं.०५८३, निषेधाज्ञा, *बधुराम मण्डल वि. जिल्ला प्रहरी कार्यालय सप्तरी राजविराज समेत*

दुःख दिइरहने सम्भावनाको विद्यमानता दशाई प्रस्तुत निवेदन परेको देखिन्छ । तर निवेदकले निवेदनपत्रमा उल्लेख गरेको आशंका र सम्भावनाको स्थिति रहेको कुराको कुनै आधार नभएबाट त्यस्तो आशंका र सम्भावनाको अनुमानको आधारमा निषेधाज्ञाको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः खड्गबहादुर श्रेष्ठ

इति संवत् २०६६ साल असार ११ गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६४-WO-०१००, परमादेश, *उषा मैया के.सी. वि. रक्षा लेखा नियन्त्रणको कार्यालय समेत*

अनियमित र गैरकानूनी ढंगले प्राप्त गरिएको पेन्सन पट्टाबाट यी निवेदिकाको कानूनी हकको सिर्जना हुन सक्दैन । साथै गैरकानूनी ढंगबाट पहिला पेन्सन पट्टा प्राप्त गरिएतापनि त्यसलाई रोकेको कार्यलाई गैरकानूनी भन्न नमिल्ने ।

कानूनबमोजिम पूरा गर्नुपर्ने कानूनी दायित्व पूरा नगर्ने सरकारी वा सार्वजनिक निकायको पदाधिकारीलाई सो कानूनी दायित्व पूरा गर्न लगाउने प्रयोजनको लागि परमादेश जारी हुने ।

अनियमित र गैरकानूनी कार्यलाई रोकेकोमा सोही कार्यलाई पुनः निरन्तरता दिन लगाउने परमादेशको प्रयोजन कदापि होइन । यसको प्रयोग

गरेर कसैले कुनै पदाधिकारीबाट अनियमित काम गराउन सक्ने वा गैरकानूनी लाभ प्राप्त गर्न सक्ने अपेक्षा राख्नु नै सफा हातले अदालतमा प्रवेश नगर्नु हो। असल नियत र सफा हातले अदालत प्रवेश नगरेको व्यक्तिको हकमा यस अदालतले असाधारण अधिकारक्षेत्रको प्रयोग गरी कानूनी उपचार प्रदान गर्न नसक्ने।

इजलास अधिकृतः सुदीप दंगाल
कम्प्युटर : सरस्वती पौडेल
इति संवत् २०६५ साल असोज १३ गते रोज २ शुभम्।

७

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला**, २०६३ सालको दे.पु.नं. ०६९३, निषेधाज्ञायुक्त परमादेश, *राजन थापा विरुद्ध, जिल्ला प्रशासन कार्यालय नुवाकोट समेत*

निवेदकले आफ्नो भनी उल्लेख गरेको घर सार्वजनिक सडक क्षेत्रमा समेत पर्ने गरी सार्वजनिक जग्गामा निर्माण गरिएकोले सो घरमा यी निवेदक वसोवास गरेकै कारण त्यसमाथि निवेदकको हक स्थापित भएको भन्ने आधारमा माग बमोजिम निषेधाज्ञा र परमादेशको आदेश जारी गर्न नमिल्ने।

इजलास अधिकृतः खड्गबहादुर श्रेष्ठ
इति संवत् २०६६ साल असार ११ गते रोज ५ शुभम्।

८

**मा.न्या. श्री ताहिर अली अन्सारी,मा.न्या. श्री राजेन्द्रप्रसाद कोइराला**, २०६३ सालको दे.पु.नं. ०१६०, निषेधाज्ञा, *पदमराज वाडा वि. मालपोत कार्यालय ललितपुर समेत*

निर्णय र काम कारवाहीबाट निवेदकको हकमा असर पर्ने भए सो बदर गराउनेतर्फ सामान्य कानूनी प्रक्रियाअन्तर्गत दावी गर्न सक्नुपर्नेमा त्यसो गरेको नपाईदा मागबमोजिम निषेधाज्ञाको आदेश जारी गर्न नमिल्ने।

इजलास अधिकृतः खड्गबहादुर श्रेष्ठ
इति संवत् २०६६ साल असार ११ गते रोज ५ शुभम्।

९

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री रणबहादुर बम,** २०६४ सालको दे.पु.नं.०६९५, जग्गा खिचोला समेत, *भक्तबहादुर श्रेष्ठ वि. शोभाकुमारी शेर्पा*

नक्सा मुचुल्काको न.नं ३,४,८ मा प्रत्यर्थी वादीको कि.नं. ५४४ भित्रको निर्विवाद जग्गामा ज.रो.०-४-३-० मात्र देखिन आएको छ। निजको दर्ता स्रेस्ता र ट्रायल चेकबाट समेत देखिएको क्षेत्रफल ०-५-० भएकोले जग्गा नपुगी कम रहे भएको देखिन्छ। सो विवादको न.नं. ५ को ज. रो.०-०-१-० लाई प्रत्यर्थी वादीको उक्त निर्विवाद क्षेत्रफल ०-४-३-० मा जोड्दा मात्र ज.रो.०-५-०-० भई निजको कि. नं. ५४४ को वास्तविक क्षेत्रफल दर्ता स्रेस्ताअनुरूपको जग्गासँग मिल्ने भिड्न आउँछ। यसबाट समेत विवादको जग्गा पुनरावेदक प्रतिवादीको होइन रहेछ भन्ने कुरा प्रष्ट रुपमा देखिने।

इजलास अधिकृतः पूर्णेश्वरप्रसाद उपाध्याय
इति संवत् २०६६ साल जेठ ३ गते रोज १ शुभम्।

१०

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री रणबहादुर बम,** २०६४ सालको दे.पु.नं. १०१७, बाली बिगो, *हरिश्चन्द्र महतो वि. भरत महतो समेत,*

रजिष्ट्रेशन पारित गराई लिएको लिखतबाट हक भएकोमा सो लिखत बदर नभएसम्म लिखतवालाको हक रहिरहन्छ, लिखत बदर भएपछि मात्र सो जग्गाबाट निजको हक समाप्त हुने हुनाले आफ्नो हक रहुन्जेलसम्म जग्गा भोग गर्न पाउँछ। जग्गा भोग गर्न पाउनु भनेको जग्गामा बाली लगाई उब्जा भएको बाली खान पाउनु हो। त्यसकारण लिखत गरिदिनेको हकवालाको हैसियतले लेनदेन व्यवहारको १० नं. अनुसार लिखत बदरमा नालिश गरेकोमा सो नालिश गरेको मितिदेखि वा विवादित लिखत भएको मितिदेखि नै सो जग्गाको बालीमा नालिशकर्ताको हक पुगेको भनी भन्न नमिल्ने।

इजालस अधिकृतः पूर्णेश्वरप्रसाद उपाध्याय
इति संवत् २०६६ साल जेठ ३ गते रोज १ शुभम्।

११

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री रणबहादुर बम,** २०६३-WO-३४०४, उत्प्रेषण, *कुवीरमाया राई वि. रक्षा मन्त्रालय समेत*

कुनै बोलपत्रको प्राविधिक प्रस्तावको विस्तृत अध्ययन गरी प्राविधिक रुपमा ठीक वेठीक छ छैन वा योग्य छ वा छैन भन्ने जस्ता कुराहरू रिटक्षेत्रबाट हेरी ठहर हुन नसक्ने ।

इजलास अधिकृतः पूर्णेश्वरप्रसाद उपाध्याय

इति संवत् २०६६ साल असार १ गते रोज २ शुभम् ।

१२.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री रणबहादुर बम,** २०६२ सालको रिट नं. ३२७०, उत्प्रेषण, *विष्णुप्रसाद वास्तोला वि. भौतिक योजना तथा निर्माण मन्त्रालय समेत*

निवेदकको पदावधि नै बाँकी नरहेकाले अध्यक्ष पद स्वतः समाप्त भइसकेको मान्नु पर्ने ।

अध्यक्ष पदको नाताले हकदैया प्राप्त भई कानूनी एवम् संवैधानिक हक प्रचलनको दावी गरी निवेदन पर्न आएको छ, सो पदावधि नै समाप्त भइसकेकाले मागबमोजिम आदेश जारी गरिरहनुको कुनै प्रयोजन नदेखिने ।

इजलास अधिकृतः पूर्णेश्वरप्रसाद उपाध्याय

इति संवत् २०६६ साल असार १ गते रोज २ शुभम् ।

- यसै प्रकृतिको २०६३-WO-३३१८, उत्प्रेषण, *विष्णुप्रसाद वास्तोला वि. भौतिक योजना तथा निर्माण मन्त्रालयसमेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

१३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री रणबहादुर बम,**२०६३-WO-०५७०, उत्प्रेषण, *सुरेन्द्रलाल श्रेष्ठ वि. महान्यायाधिवक्ताको कार्यालय समेत*

सामान्य कानूनी प्रक्रियाको समाप्तीपछि पनि निवेदकको निर्विवाद कानूनी वा संवैधानिक हकको संरक्षण हुन नसक्ने अवस्थामा मात्र अदालतले असाधारण अधिकारक्षेत्रको प्रयोग गर्नुपर्ने ।

इजलास अधिकृतः पूर्णेश्वरप्रसाद उपाध्याय

इति संवत् २०६६ साल असार १ गते रोज २ शुभम् ।

१४

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री रणबहादुर बम,** २०६२ सालको रिट नं. २४९३, उत्प्रेषण, *नवल किशोर यादव समेत वि. पुनरावेदन अदालत जनकपुर समेत*

जिल्ला अदालत नियमावली, २०५२ को नियम ७८ (ख) समेतका आधारमा जीवित रहेका अंशियारहरूका बीचमा वण्डा छुट्याई लिन पाउने ।

इजलास अधिकृतः महेन्द्रप्रसाद पोखरेल

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६६ साल जेठ १७ गते रोज १ शुभम्

१५

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री रणबहादुर बम,** २०६३-WO-००५८, उत्प्रेषण, *होमबहादुर रावत वि.म.प. क्षेत्रीय प्रहरी कार्यालय नेपालगंज हाल सुर्खेत समेत*

निवेदकलाई कानूनबमोजिमको कार्यविधि अवलम्वन गरी कारवाही गरिएको र पटक-पटक सूचना गर्दा पनि सम्पर्कमा नआएको अवस्थामा प्रहरी ऐन, २०१२ को दफा १० को उपदफा (१) खण्ड (ग) हेर्दा सफाईको मौका दिन मनासिव नपर्ने भन्ने व्यहोराको पर्चा खडा गरी अधिकार प्राप्त अधिकारीले कारवाही गरी हटाउन सक्ने नै देखिने ।

इजलास अधिकृतः पूर्णेश्वरप्रसाद उपाध्याय

इति संवत् २०६६ साल असार १ गते रोज २ शुभम् ।

१६

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६६-RE-००१७, मानव बेचविखन, ओसार पसार समेत, *प्रकाश शाही समेत वि.नेपाल सरकार*

२०६५।११।९ गते बीरगन्ज गई ११ गते फर्केर बल्खु, काठमाडौंमा मनीता श्रेष्ठलाई छोडेको भन्ने प्रकाश शाहीले र सोही मितिको साँझ पीडित मनिता श्रेष्ठलाई वीरगंज घण्टाघरबाट आफ्नो घरमा ल्याएको भन्ने प्रतिवादी धर्मेन्द्र मिश्रको अदालतमा भएको वयान समेत तत्काल प्राप्त प्रमाणहरूको परिप्रेक्ष्यमा हेर्दा पछि प्रमाणबाट ठहरे बमोजिम हुने नै हुनाले हाल निवेदकहरूलाई पुर्पक्षका

लागि थुनामा राखिएको आदेशमा परिवर्तन गरिरहनु नपर्ने ।

इजलास अधिकृतः पूर्णेश्वरप्रसाद उपाध्याय

इति संवत् २०६६ साल भदौ १४ गते रोज १ शुभम् ।

१७

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री सुशीला कार्की,** २०६४ सालको दे.पु.नं.३६०, निर्णय दर्ता बदर हक कायम, *शिवबहादुर थापा वि. श्यामबहादुर थापा*

साविकमा दर्ता कायम नभएको जग्गा कुन आधारमा दर्ता हुनुपर्ने हो सोसम्म पुष्टि गर्न नसकेको अवस्थामा यस अदालतबाट निस्सा प्रदान गर्दा पाइएका आधारसँग सहमत हुन नसक्ने ।

इजलास अधिकृतः कृपासुर कार्की

इति संवत् २०६५ साल चैत्र ५ गते रोज ४ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुरूप निर्णय भएका छन् :

- २०६४ सालको दे.पु.नं.३६१, राजीनामा लिखत दर्ता बदर, *शिवबहादुर थापा वि. नवराज थापा समेत*
- २०६४ सालको फौ.पु.नं. २५९, जालसाजी, *शिवबहादुर थापा वि. लीलाकुमारी थापा समेत*
- २०६४ सालको दे.पु.नं. ३६२, वण्डापत्र लिखत दर्ता बदर, *शिवबहादुर थापा वि. लीलाकुमारी थापा समेत*
- २०६४ सालको दे.पु.नं. ३६३, वण्डापत्र लिखत दर्ता बदर, *शिवबहादुर थापा वि. लीलाकुमारी थापा समेत*
- २०६४ सालको दे.पु.नं. ३६४, नामसारी निर्णय दर्ता बदर दर्ता, *शिवबहादुर थापा वि. लीलाकुमारी थापा समेत*

१८

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६३-CI-०४७०, अंश, *अनुज शर्मा वि. बद्रीनाथ शर्मा*

बालबालिका दया-मायाबाट होइन कानूनी प्रावधानबाट नै अंश पाउने हकदार भएकाले कुनै बालकलाई बढी र कुनै बालिकालाई घटी अंश निर्धारण गर्ने गरी अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको अर्थ गर्ने गरी फैसला गर्न नमिल्ने ।

इजलास अधिकृतः दीपक ढकाल

इति संवत् २०६६ साल असार २४ गते रोज ४ शुभम् ।

१९

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६० सालको स.अ.दे.पु.नं. ९६२५, जग्गा खिचोला चलन, *अनील हजरा वि. मनीमहरा चमार समेत*

हदम्याद नाघेको अवस्थामा पनि अदालतले तथ्यभित्र प्रवेश गरी प्रमाणको मूल्याङ्कन गरी इन्साफ गर्ने हो भने कानूनले निर्धारित गरेको हदम्यादसम्बन्धी व्यवस्था नै निरर्थक हुन जाने ।

नालिश गर्ने हदम्याद मुद्दाको पक्षको स्वविवेकमा निर्भर रहने कुरा नभएकोले हदम्याद नापी दायर भएको फिराद दावीको तथ्यभित्र प्रवेश गरी प्रमाणहरूको गहिरिएर मूल्याङ्कन गरी अदालतले ठहर निर्णय गर्न नसक्ने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटर : निर्मला भट्ट

इति संवत् २०६५ साल चैत २४ गते रोज २ शुभम् ।

२०

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६० सालको दे.पु.नं. ८९१२, डाँक लिलाम चलन पूर्जी बदर, दर्ता बदर, *रामाराउत यादव वि.बेचनीदेवी समेत*

लेनदेन मुद्दाको फैसला अन्तिम भएको अवस्थामा कार्यान्वयनको लागि भएको डाँक लिलामलाई अन्यथा भन्न नमिल्ने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६५ साल चैत २४ गते रोज २ शुभम

२१

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६३ सालको दे.पु.नं. ११९६, जग्गा खिचोला चलन, *सत्यनारायण यादव समेत वि.विन्देश्वरप्रसाद यादव*

वादी दावीभन्दा बढी न.नं. ३ को सम्पूर्ण जग्गा खिचोला गरेको ठ्याएको हदसम्मको फैसला केही उल्टी गरी न.नं. ३ को विवादको जग्गामध्ये उत्तर तर्फबाट ज.वि. ०-०-१० मात्र प्रतिवादीहरूले खिचोला गरेको ठहऱ्याई सोही ज.जि.०-०-१० सम्मको जग्गा वादीले चलन समेत पाउने ठहऱ्याई पुनरावेदन अदालतबाट भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः पूर्णेश्वरप्रसाद उपाध्याय

इति संवत् २०६६ साल साउन २५ गते रोज १ शुभम् ।

२२

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा. न्या.श्री भरतराज उप्रेती,** २०५२ सालको दे.पु.नं. ८६५१, अंश, २०५९ सालको दे.पु.नं. ८१२४, *श्री नारायण लाल कर्ण वि. जयवीरलाल कर्ण र जयवीरलाल कर्ण वि. श्री नारायणलाल कर्ण*

अन्यथा प्रमाणित नभएसम्म एकासगोलमा रहे भएको अवस्थामा आर्जित सम्पत्ति सबै अंशियारको सगोलको मान्नु पर्ने ।

इजलास अधिकृतः पूर्णेश्वरप्रसाद उपाध्याय

इति संवत् २०६६ साल जेठ ६ गते रोज ४ शुभम् ।

२३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६० सालको दे.पु.नं. ८२४१, अंश चलन, *बिद्यादेवी न्यौपाने समेत वि.शुभद्रा न्यौपाने समेत*

आपसी सहमतिबाट कुनै अंशियारले घटी र कुनैले बढी अंश लिने वा कुनै अंशियारले आफ्नो अंश हकको दावी नै त्याग (Waive) गर्न पनि पाउँछ । त्यसरी घटी-बढी अंश भएमा वा केही नगद मात्र लिएर वा केही पनि नलिएर अंश छोडपत्र भएकोमा अंशबण्डाको ३२ नं. अनुसार सो भए गरेको मितिले तीन महिनाभित्र नालिस लाग्न सक्ने बाहेक अन्य अवस्थामा आफ्नो पूर्व सहमतिलाई चुनौती दिन वा पछि समान अंशको दावी गर्न पाइने कानूनी व्यवस्था रहेको नपाइने ।

इजलास अधिकृतः पूर्णेश्वरप्रसाद उपाध्याय

इति संवत् २०६६ साल जेठ ६ गते रोज ४ शुभम् ।

२४

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको फौ.पु.नं. ०६५४, कर्तव्य ज्यान, *संचमाई तामाङनी वि. नेपाल सरकार*

लोग्ने स्वास्नीको बीच सामान्य कुरामा झगडा हुँदा कुटपीटसम्म भएको र सो कुटपीटमा घातक हतियार प्रयोग गरेको नभई ढुंगाले हानेको चोट नै घातक हुन पुगेको अवस्था हुँदा यस्तो कसूरजन्य कार्य ज्यानसम्बन्धीको १४ नं. अन्तर्गत सजाय हुने प्रकृतिको देखिँदा कम सजाय हुनुपर्ने भन्ने पुनरावेदिकाको जिकीर भए पनि आफैले कर्तव्य गरी मारेको हुनाले ज्यानसम्बन्धीको १४ नं. ले हुने सजायभन्दा कम सजाय गर्न नमिल्ने ।

इजलास अधिकृतः नेत्रप्रकाश आचार्य

इति संवत् २०६६ साल बैशाख २३ गते रोज ४ शुभम् ।

२५

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको फौ.पु.नं.०४११, २०६४ सालको फौ.पु.नं.०२४१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रामबाबु साह कलवार*

कुटपीट गर्दा जोखिमी हतियार प्रयोग गरेको भन्ने दावी नभएको र घाउको प्रकृतिले पनि जोखिमी हतियार प्रयोग नगरिएको अवस्थामा भवितव्य ठहर्नलाई आफूले गरेको कर्तव्यले मानिस मर्ला जस्तो नदेखिएको काम कुरा गर्दा त्यसैद्वारा केही भै मर्न गएको हुनुपर्ने ।

प्रतिवादीले मृतकलाई पेटमा पटक-पटक प्रहार गरेको कारण आन्द्रा चुडिई मृत्यु भएको अवस्थामा प्रतिवादीको जिकीरबमोजिम ज्यानसम्बन्धी महलको ५ नं. बमोजिम भवितव्यको अवस्था देखिन नआउने भै ज्यानसम्बन्धी महलको १४ नं बमोजिम सजाय हुने ।

इजलास अधिकृतः नेत्रप्रकाश आचार्य

इति संवत् २०६६ साल बैशाख २३ गते रोज ४ शुभम् ।

## सर्वोच्च अदालत गतिविधि

२०६६ साल भदौ २१ गते बसेको न्याय परिषद्को बैठकले पुनरावेदन अदालतका लागि ३७ स्थायी र १० जना अतिरिक्त समेत ४७ जना न्यायाधीश पदमा नियुक्तिका लागि सिफारिश गऱ्यो । सोही बैठकले २७ जना जिल्ला न्यायाधीशका लागि सिफारिश गऱ्यो । सो सिफारिश अनुसार सम्माननीय प्रधान न्यायाधीश श्री मीनबहादुर रायमाझीले उहाँहरूलाई न्यायाधीशको पदमा नियुक्त गर्नुभयो ।

नयाँ नियुक्तिपछि विभिन्न पुनरावेदन अदालत तथा जिल्ला अदालतमा निम्न व्यक्तिहरू माननीय न्यायाधीशका रुपमा कार्यरत् हुनुहुन्छ ।

नवनियुक्त माननीय न्यायाधीशलाई जनाउन उहाँको नाम अगाडि एउटा बुलेट (*) राखिएको छ । दुईटा बुलेट (**) ले नवनियुक्त अतिरिक्त न्यायाधीश भन्ने जनाउने छ ।

**पुनरावेदन अदालतका न्यायाधीशहरूको नामावली**

**१. पुनरावेदन अदालत इलाम**

१. मा.मु.न्या. श्री पुरुषोत्तम पराजुली
२. *मा.न्या.श्री विष्णुदेव पौडेल
३. *मा.न्या.श्री मोहनबहादुर कार्की
४. *मा.न्या.श्री रेवन्तबहादुर कुँवर

**२. पुनरावेदन अदालत विराटनगर**

१. मा.मु.न्या. श्री भूपध्वज अधिकारी
२. मा.न्या.श्री हरिबहादुर बस्नेत
३. मा.न्या.श्री देवेन्द्रराज शर्मा (पु.वे.अ.पाटन काज)
४. मा.न्या.श्री जनार्दनबहादुर खड्का
५. मा.न्या.श्री डम्बरबहादुर शाही(वाणिज्य इजलास)
६. *मा.न्या.श्री प्रकाशचन्द्र गजुरेल
७. *मा.न्या.श्री सत्यराज गुरुङ्ग
८. **मा.न्या. श्री रामचन्द्र यादव
९. **मा.न्या.श्री द्वारिकामान जोशी

**३. पुनरावेदन अदालत धनकुटा**

१. मा.मु.न्या.श्री हरिप्रसाद घिमिरे
२. मा.न्या.श्री ऋषिराज मिश्र
३. *मा.न्या.श्री टेकराज नेपाल
४. *मा.न्या.श्री शेषराज शिवाकोटी

**४. पुनरावेदन अदालत राजविराज**

१. मा.मु.न्या.श्री अली अकबर मिकरानी
२. मा.न्या.श्री जगदीश शर्मा पौडेल
३. मा.न्या.श्री दिपककुमार कार्की
४. मा.न्या.श्री शम्भुबहादुर खड्का
५. *मा.न्या.श्री कुमार चुडाल
६. *मा.न्या.श्री हरिकुमार पोखरेल
७. *मा.न्या.श्री शिवनारायण यादव
८. *मा.न्या.श्री विदुर विक्रम थापा
९. **मा.न्या.श्री थीरबहादुर कार्की

**५. पुनरावेदन अदालत जनकपुर**

१. मा.मु.न्या.श्री गिरीशचन्द्र लाल (पदाधिकार मात्र)
२. का.मु.मा.मु.न्या.श्री लोकेन्द्र मल्लिक
३. मा.न्या.श्री कोमलनाथ शर्मा
४. मा.न्या.श्री फणिन्द्रदत्त शर्मा
५. मा.न्या.श्री सुरेन्द्रवीर सिँह बस्न्यात
६. *मा.न्या.श्री टीकाबहादुर हमाल
७. *मा.न्या.श्री नरेन्द्रकुमार शिवाकोटी
८. *मा.न्या.श्री सलाउद्दिन अख्तर सिद्धिकी
९. **मा.न्या. श्री मिहिरकुमार ठाकुर
१०. **मा.न्या.श्री राजकुमार वन

**६. पुनरावेदन अदालत हेटौंडा**

१. मा.मु.न्या. श्री केशरीराज पण्डित
२. मा.न्या.श्री राजेन्द्रप्रसाद राजभण्डारी
३. मा.न्या.श्री एकराज आचार्य
४. मा.न्या.श्री गिरीराज पौडेल
५. *मा.न्या.श्री भरतप्रसाद अधिकारी
६. *मा.न्या.श्री यज्ञप्रसाद वस्याल
७. *मा.न्या.श्री मोहनरमण भट्टराई
८. *मा.न्या.श्रीमती सुष्मालता माथेमा
९. *मा.न्या.श्री तेजबहादुर कार्की

**७. पुनरावेदन अदालत पाटन**

१. मा.मु.न्या. श्री वैद्यनाथ उपाध्याय
२. मा.न्या.श्री ऋषिराज जोशी
३. मा.न्या.श्री गोपाल पराजुली (अध्यक्ष रा.न्या.काठमाडौं)
४. मा.न्या.श्री केशवप्रसाद मैनाली
५. मा.न्या.श्री मोहनप्रसाद घिमिरे(वाणिज्य इजलास)
६. मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ(वाणिज्य इजलास)
७. मा.न्या.श्री माधवप्रसाद चालिसे
८. मा.न्या.श्री डा.हरिवंश त्रिपाठी
९. मा.न्या.श्री तेजबहादुर के.सी.
१०. मा.न्या.श्री ठाकुरप्रसाद शर्मा
११. मा.न्या.श्री पुरुषोत्तम भण्डारी (अध्यक्ष सैनिक विशेष अदालत)
१२. मा.न्या.श्री दिनेशकुमार कार्की(वाणिज्य इजलास)
१३. मा.न्या.श्री शारदाप्रसाद घिमिरे
१४. मा.न्या.श्री मीरा खड्का (वाणिज्य इजलास)
१५. मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ
१६. मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा
१७. मा.न्या.डा. आनन्दमोहन भट्टराई
१८. *मा.न्या.श्री प्रकाशकुमार ढुंगाना
१९. *मा.न्या.डा.कुलरत्न भुर्तेल

**८. पुनरावेदन अदालत पोखरा**

१. मा.मु.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की
२. मा.न्या.श्री ओमप्रसाद सुवेदी(अध्यक्ष रा.न्या.पोखरा)
३. मा.न्या.श्री खेमराज शर्मा
४. मा.न्या.श्री चोलेन्द्र शमसेर ज.ब.रा.
५. *मा.न्या.श्री नारायणप्रसाद दाहाल
६. *मा.न्या.श्री नीता गौतम दीक्षित
७. **मा.न्या.श्री शिवराज अधिकारी
८. **मा.न्या.श्री किशोर सिलवाल

**९. पुनरावेदन अदालत बाग्लुङ**

१. मा.मु.न्या. श्री जागेश्वर सुबेदी
२. मा.न्या.श्री पोषनाथ शर्मा
३. *मा.न्या.श्री कुमारप्रसाद पोखेल
४. *मा.न्या.श्री विनोद शर्मा

**१०. पुनरावेदन अदालत बुटवल**

१. मा.मु.न्या. श्री तर्कराज भट्ट
२. मा.न्या.श्री दीपकराज जोशी(वाणिज्य इजलास)
३. मा.न्या.श्री दुर्गाप्रसाद उप्रेती(वाणिज्य इजलास)
४. मा.न्या.श्री गोविन्दकुमार उपाध्याय
५. मा.न्या.श्री बलराम विष्ट (वाणिज्य इजलास)
६. *मा.न्या.श्री उदयप्रकाश चापागाई
७. *मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ

८. **मा.न्या.श्री शारङ्गा सुवेदी

**११. पुनरावेदन अदालत तुलसीपुर**

१. मा.मु.न्या. श्री हरिबाबु भट्टराई
२. मा.न्या.श्री बुद्धिप्रसाद रेग्मी
३. *मा.न्या.श्री भीमबहादुर वोहरा
४. *मा.न्या.श्री पवनकुमार शर्मा

**१२. पुनरावेदन अदालत सुर्खेत**

१.मा.मु.न्या.श्री अवधेशकुमार यादव(पदाधिकार मात्र)
२. का.मु.मा.मु.न्या.श्री बिश्वनाथ जोशी
३. मा.न्या.श्री ओमप्रकाश मिश्र (विशेष अदालत सदस्य)
४. मा.न्या.श्री निर्मलकुमार ढुंगाना
५. *मा.न्या.श्री प्रकाशराम मिश्र
६. *मा.न्या.श्री भुपेन्द्रप्रसाद राई

**१३. पुनरावेदन अदालत नेपालगंज**

१. मा.मु.न्या. श्री हरिराम कोइराला
२. मा.न्या.श्री शान्तिराज सुवेदी(वाणिज्य इजलास)
३. मा.न्या.श्री टंकबहादुर मोक्तान (वाणिज्य इजलास) जुम्ला समेत हेर्ने गरी
४. *मा.न्या.श्री प्रेमबहादुर के.सी.
५. *मा.न्या.श्री रमेश पोखरेल
६. **मा.न्या.श्री सत्यमोहन जोशी थारु
७. **मा.न्या.श्री रत्नबहादुर बागचन्द

**१४. पुनरावेदन अदालत जुम्ला**

१. मा.मु.न्या.श्री रणबहादुर बम (पदाधिकार मात्र)
२. मा.न्या.श्री केदारप्रसाद चालिसे
३. *मा.न्या.श्री दुर्गादत्त भट्ट

**१५. पुनरावेदन अदालत दिपायल**

१. का.मु.मु.मु.न्या.श्री गोविन्दकुमार श्रेष्ठ
२. मा.न्या.श्री गौरीबहादुर कार्की(अध्यक्ष विशेष अदालत)
३. मा.न्या.श्री रामप्रसाद खनाल
४. *मा.न्या.श्री बीरसिंह महरा

**१६ पुनरावेदन अदालत महेन्द्रनगर**

१. मा.मु.न्या.श्री लक्ष्मणमणि रिसाल
२. मा.न्या.श्री भोलाप्रसाद खरेल(विशेष अदालत सदस्य)
३. मा.न्या.श्री बमकुमार श्रेष्ठ
४. *मा.न्या.श्री डिल्लीराज आचार्य
५. *मा.न्या.श्री बाबुराम रेग्मी

## जिल्ला अदालतका न्यायाधीशहरूको नामावली

| सि.नं | जिल्ला अदालत | जिल्ला न्यायाधीश |
|---|---|---|
| १. | ताप्लेजुङ | १. *श्री काजीबहादुर राई |
| २. | पांचथर | १. श्री महेन्द्रराज गौतम |
| ३. | ईलाम | १. श्री उमेशराज पौडेल |
| ४. | झापा | १. श्री नवराज उपाध्याय |
| | | २. श्री शालिग्राम कोइराला |
| ५. | संखुवासभा | १. श्री शिवप्रसाद पराजुली |
| ६. | तेह्रथुम | १. श्री गुणराज ढुंगेल |
| ७. | भोजपुर | १. श्री शम्भुराम कार्की |
| ८. | धनकुटा | १. श्री श्यामप्रसाद लावती |
| ९. | मोरंग | १. श्री मेघनाथ भट्टराई |
| | | २. श्री गोपाल भट्टराई |
| | | ३. श्री रामप्रसाद ओली |
| १० | सुनसरी | १. श्री बालकृष्ण उप्रेती |
| | | २. श्री रामप्रसाद अधिकारी |
| | | ३. श्री कोषकुमार नेम्वाङ्ग |
| | | ४. श्री लक्ष्मीकृष्ण श्रेष्ठ |
| ११. | सोलुखुम्बु | १. श्री जगतनारायण प्रधान |
| १२. | ओखलढुंगा | १. *श्री किरणप्रसाद शिवाकोटी |
| १३. | खोटांग | १. श्री दयानाथ खरेल |
| १४ | उदयपुर | १. श्री शेखरप्रसाद पौडेल |
| १५ | सिराहा | १. श्री अवधविहारीप्रसाद सिन्हा |
| | | २. श्री खिलनाथ रेग्मी |
| | | ३. श्री रमेशराज पोखरेल |
| १६. | सप्तरी | १. श्री अच्यूत विष्ट |
| | | २. श्री नागेन्द्रलाल कर्ण |
| | | ३. श्री ऋषिप्रसाद अधिकारी |
| | | ४. **श्री धनसिंह महरा |
| | | ५. **श्री योगेन्द्रप्रसाद शाह |
| १७ | रामेछाप | १. श्री कैलाश के.सी. |
| १८ | सिन्धुली | १. *श्री हरिश्चन्द्र ढुंगाना |
| १९ | धनुषा | १. श्री विमलप्रसाद ढुंगेल |
| | | २. श्री प्रकाशकुमार काफ्ले |
| | | ३. श्री रामकृष्ण खनाल |
| | | ४. **श्री अमृतबहादुर बस्नेत |
| २० | महोत्तरी | १. श्री पुष्पबहादुर थापा |
| | | २. श्री चिन्तामणि वराल |
| | | ३. श्री बलभद्र वास्तोला |
| २१. | सर्लाही | १. श्री कृष्णप्रसाद बांस्तोला |
| | | २. श्री कुलप्रसाद शर्मा |
| | | ३. श्री ॐकार उपाध्याय |
| २२ | रौतहट | १. श्री काशीनाथ पोखरेल |
| | | २. श्री बाबुराजा कार्की |
| | | ३. श्री किरणकुमार पोखरेल |
| | | ४. **श्री मेदिनीप्रसाद पौडेल |
| २३. | चितवन | १. श्री पद्मराज भट्ट |
| | | २. श्री भोजराज अधिकारी |
| २४ | मकवानपुर | १. श्री बालचन्द्र शर्मा |
| २५ | वारा | १. श्री विनोदमोहन आचार्य |

| | | |
|---|---|---|
| | | २. श्री बालमुकुन्द दवाडी |
| | | ३. **श्री डिल्लीरमण तिवारी |
| | | ४. **श्री ब्रजेशकुमार प्याकुरेल |
| २६ | पर्सा | १. श्री अजयराज उपाध्याय |
| | | २. श्री पशुपति आचार्य |
| | | ३. श्री विष्णुप्रसाद कोइराला |
| | | ४. श्री कृष्णकमल अधिकारी |
| २७ | दोलखा | १. श्री रामचन्द्र राई |
| | | २. श्री यज्ञराज भट्ट |
| २८ | सिन्धुपाल्चोक | श्री बीरबहादुर डांगी |
| २९ | नुवाकोट | श्री मोहनकृष्ण खनाल |
| ३० | काभ्रेपलान्चोक | १. श्री लेखनाथ रेग्मी |
| | | २. श्री राजेशकुमार काफ्ले |
| ३१. | काठमाडौं | १. श्री हेमराज पन्त |
| | | २. श्री लेखनाथ घिमिरे |
| | | ३. श्री नारायणप्रसाद श्रेष्ठ |
| | | ४. श्री महेशप्रसाद पुडासैनी |
| | | ५. श्री बालेन्द्र रुपाखेती |
| | | ६. श्री ईश्वरराज आचार्य |
| | | ७. श्री वैद्यनाथप्रसाद गुप्ता |
| | | ८. श्री लिप्तबहादुर थापा |
| | | ९. श्री अनन्तराज डुम्रे |
| | | १०. श्री राजेन्द्र खरेल |
| | | ११. श्री महेन्द्रबहादुर कार्की |
| | | १२. श्री टेकनारायण कुंवर |
| | | १३. श्री सुदर्शनराज पाण्डे |
| ३२. | ललितपुर | १. श्री भीमकुमार ओझा |
| | | २. श्री लेखनाथ ढकाल |
| ३३. | भक्तपुर | १. श्री चण्डीराज ढकाल |
| | | २. श्री पुरुषोत्तमप्रसाद ढकाल |
| ३४ | धादिंङ | १. श्री गिरीशकुमार शर्मा |
| ३५ | रसुवा | १. श्री विनोदप्रसाद शर्मा |
| ३६. | गोरखा | १. श्रीमती प्रभा बस्नेत |
| ३७. | तनहुं | १. श्री जगतप्रसाद श्रेष्ठ |
| ३९. | स्याङजा | १. श्री माधवेन्द्रराज रेग्मी |
| | | २. **श्री ऋषिकेश वाग्ले |
| ४०. | कास्की | १. श्री भोलानाथ चौलागाईं |
| | | २. श्री नारायणप्रसाद पोखरेल |
| ४१. | मनाङ | १. *श्री गिरीराज गौतम |
| ४२. | म्याग्दी | १. श्री तीर्थराज देवकोटा |
| ४३. | वाग्लुङ | १. श्री हरिप्रताप के.सी. |
| ४४ | मुस्तांङ | १. *श्री गोपालप्रसाद वांस्तोला |
| ४५. | पर्वत | १. श्री रमेशकुमार खत्री |
| ४६. | गुल्मी | १. श्री माधवप्रसाद पोखरेल |
| ४७. | नवलपरासी | १. श्री करुणानिधि शर्मा |
| | | २. श्री शेखरचन्द्र अर्याल |
| | | ३. **श्री राजेन्द्र अधिकारी |
| ४८ | अर्घाखांची | १. श्री सहदेवप्रसाद वास्तोला |
| ४९. | पाल्पा | १. श्री हरिप्रसाद वगाले |
| ५०. | रुपन्देही | १. श्री प्रेमराज ढकाल |
| | | ३. श्री विश्वमंगल आत्रेय |
| | | ४. श्री चन्द्रबहादुर सारु |
| | | ५. श्री विष्णु सुवेदी |
| | | ६. **श्री अम्वरराज पौडेल |
| ५१. | कपिलबस्तु | १. श्री निलकण्ठ उपाध्याय |
| | | २. श्री इन्द्रबहादुर कार्की |
| | | ३. श्री दीपेन्द्र अधिकारी |
| | | ४. श्री नरिश्वर भण्डारी |
| | | ५. **श्री चन्द्रमणि ज्ञवाली |
| ५२. | बांके | १. श्री रामेश्वरनाथ अमात्य |
| | | २. श्री सीताप्रसाद पोखरेल |
| | | ४. श्री मुरारीबाबु श्रेष्ठ |
| ५३. | बर्दिया | श्री राधाकृष्ण उप्रेती |
| ५४. | दाङ | श्री मोहम्मद जुनेद आजाद |
| ५५. | प्यूठान | श्री नारायणप्रसाद श्रेष्ठ |
| ५६. | सल्यान | श्री शिवप्रसाद भेले |
| ५७. | रोल्पा | *श्री राजुकुमार खतिवडा |
| ५८. | रुकुम | *श्री लोकजङ्ग शाह |
| ५९. | दैलेख | श्री ठाकुरप्रसाद शर्मा |
| ६०. | जाजरकोट | *श्री रीतेन्द्र थापा |
| ६१. | सुर्खेत | श्री कृष्णबहादुर थापा |
| ६२. | हुम्ला | *श्री अर्जुन अधिकारी |
| ६३. | मुगु | *श्री खडानन्द तिवारी |
| ६४. | जुम्ला | *श्री ऋषिराम निरौला |
| ६५. | कालिकोट | श्री बीरेन्द्रकुमार कर्ण |
| ६६. | डोल्पा | *श्री मोहनराज भट्टराई |
| ६७. | बाजुरा | *श्री प्रकाश खरेल |
| ६८. | अछाम | *श्री कृष्णराम कोइराला |
| ६९. | डोटी | श्री हिमालयराज पाठक |
| ७०. | कैलाली | श्री नारायणप्रसाद धिताल |
| ७१. | बझांङ | *श्री पूर्णप्रसाद बांस्तोला |
| ७२. | दार्चुला | *श्री कविप्रसाद न्यौपाने |
| ७३. | डडेलधुरा | श्री रामकृष्ण भट्ट |
| ७४. | बैतडी | *श्री स्वीकृति पराजुली |
| ७५. | कन्चनपुर | श्री भोजराज शर्मा |